# संघीय संसद

# राष्ट्रिय सभा

# बाह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २८ असार २०७९

# मङ्गलवार

# बैठक सङ्ख्या- ३५

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको ११:०० बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । शून्य समयमा बोल्नको लागि प्रत्येक माननीय सदस्यहरूलाई एक एक मिनेटको समय निर्धारण गरेको छु । माननीय अनिता देवकोटा ।

**माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था संविधानको मेरुदण्ड हो । यसबमोजिमको

अभ्यासको क्रममा केही उपलब्धिहरू भएका छन् । सिंहदरबारको अधिकार नागरिकको घरदैलोसम्म पुगेका छन् । सानातिना कामका लागि केन्द्र धाउनुपर्दैन । राज्यका अङ्गमा समानुपातिक समावेशी र सहभागितामूलक प्रतिनिधिको सुनिश्चिता भएको छ । नागरिक सार्वभौम भएका छन् । सम्माननीय अध्यक्षज्यू संघीयतासँगै नागरिकले स्थायी शान्ति, सुशासन दिगो विकास र समृद्धिको ठुलो अपेक्ष लिए तापनि सोबमोजिम काम हुन सकेका छैनन् । सरकारका तहबिचको अन्तरसम्बन्ध सहकारिता सहअस्तित्व र समन्वयको सिद्धान्तका आधारमा संविधानको व्यवस्था भए तापनि यसको पालना भएको देखिँदैन । संविधानको रक्षाका लागि नागरिकलाई केन्द्रबिन्दुमा राखेर राज्य सञ्चलनमा तीनै तहको ध्यान जाओस् भनी म ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्षः**- माननीय इन्दु कडरीया ।

**माननीय श्री इन्दु कडरीया (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्ष महोदय, गत वर्ष महाकाली नदी तर्ने क्रममा भारतीय सरक्षाकर्मीले तुइनको लठ्ठा फुस्काइदिएपछि ब्यास गाउँपालिका- २ का जयसिंह धामी नदीमा खसेर बेपात्त भए उक्त घटना भएको एक वर्ष पुग्न लाग्यो तर तुइनबाट खास्ने क्रम रोकिएको छैन । गत ब्यास गाउँपालिका- २ तुम्लिङका अठार वर्षीय सञ्जिब बुढाथोकी महाकाली तरेर नेपाल फर्कने क्रममा तुइन चुढिँदा खासेर गत बुधवार बेपत्ता भएका छन् अहिलेसम्म महाकाली नदीको दार्चुला क्षेत्रमा मात्रै २६ जनाले ज्यान गुमाइसकेका छन् । तुइनलाई विस्थापित गरी झोलुङ्गे पुल निर्माण गर्ने ओली सरकारकै योजना थियो । तर केही ठाउँमा तुइन विस्थापित भई पुल पनि बनिसके तर वर्तमान सरकारले त्यसलाई निरन्तरता नदिँदा पुल बन्न सकेका छैनन् र त्यस्ता घटना दोहरिरहेका छन् । महाकालीमा मात्रै तुइन विस्थापित गरी एघार ठाउँमा पुल निर्माण गर्नुपर्ने कार्ययोजना भए पनि सात ठाउँमा निर्माण कार्य सुरु नै भएको छैन । त्यसकारण ..... (समय सकिएको)

**सम्माननीय अध्यक्षः**- माननीय खिमलाल देवकोटा ।

**<u>माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, यो मुलुकमा सरकार छ कि छैन ? सरकार कसले चलाएको छ मैले बुझ्न सकेको छैन । मैले धेरैचोटि ललितपुरको भैसेपाटीको एउटा ५ सय मिटरमात्रै सडक छ त्यो सडक बनाउनलाई मैले एक्लै दर्जनचोटि मैले विभागीय मन्त्रालयका कर्मचारीलाई हारगुहार गरिसकें राष्ट्रिय योजनाका उपाध्यक्ष विष्णु पौडेल दुदुइचोटि अर्थमन्त्री भएका विण्णु पौडेल र देशभरिका सडक निर्माण गर्न अवसर पाएका तत्कालीन भौतिक पूर्वाधार मन्त्री रघुवीर महासेठ हाम्रो पूर्वमन्त्री बामदेव गौतम अहिले यहीँअगाडि हामीसँगै माननीयज्यू पनि हुनुहुन्छ । हिंड्ने त्यो बाटो जम्मा ५०० मिटर बाटो ६ वर्षदेखि लथालिङ्ग छ, भद्रगोल छ र ५०० मिटरमात्रै बाटो कतिचोटि भन्ने यी सरकारलाई कतिचोटि भन्ने यो मुलुकमा सरकार छ कि छैन ? हामीले कतिचोटी हारगुहार गर्ने यो मैले सम्बन्धित मन्त्रीलाई यो विषयमा यहाँ संसदमा आएर जवाफ दिन अनुरोध गर्छु । हस् त, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय श्री दिल कुमारी रावल थापा (पार्वती) ।

**<u>माननीय श्री दिल कुमारी रावल थापा, (पार्वती) (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, वर्तमान परिस्थिति वेथिति वेथिति सरकार छ कि छैन । थाहा छैन । त्रि.वि. हामी सबैको एउटा आस्थाको धरोहर त्रि.वि. को गतवर्ष स्नातकोत्तर परीक्षा र यस वर्षको परीक्षा एउटै प्रश्न दोहोरिएको छ यो स्नातकोत्तरको मात्र घटना होइन भर्खर स्नातक तहको परीक्षा पनि त्यही घटना दोहोरिएको छ । यस्तो वेथिति कहिलेसम्मन ।

सम्माननीय अध्यक्षज्यू, हामी नेपाली हाम्रो राष्ट्र भाषा नेपाली हामी नेपाल नेपाली राष्ट्र भाषा नेपाली हो । संविधान र कानुनले नेपाली भाषालाई चिन्छ तर हामीले पढ्ने स्नातक स्नातकोत्तरको प्रश्नपत्र अङ्ग्रेजीमा मात्रै आउँछ । उत्तर लेख्न अङग्रेजी नेपाली दुइटै अप्सन खुला छ तर प्रश्न अङ्ग्रेजीमा मात्रै आउँदा ठुलो सङ्ख्या विद्यार्थीहरू परीक्षामा फेल हुनी अवस्था आएको छ । थुप्रै विद्यार्थीहरू गुनासो एसएमएस प्राप्त भएको छ । यसतर्फ म प्रश्न अङग्रेजी र नेपालीमै होस् उत्तर लेख्ने अप्सन हुँदा प्रश्नको पनि दुइटै मापदण्ड कायम होस् भन्ने म सरकारको सम्बन्धित निकायको ध्यानाकर्षण गराउँछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय नन्दा चपाई ।

**माननीय श्री नन्दा चपाई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय सभा अध्यक्ष महोदय, नेपाली जनताको झन्डै आठ दशक लामो सङ्घर्ष र लाखौं जनताको बलिदान स्वरूप प्राप्त भएको लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न सरकारको अत्यन्त आवश्यकता भएको छ । आज देशमा शिशु अवस्थामा हुर्किरहेको संघीयतालाई मलजलका साथ हुर्काउनु पर्ने अवस्था भएको अवस्थामा प्रदेश सरकारको बजेट विनियोजनको बारेमा सुन्दा अत्यन्त दुःख लाग्दो अवस्था छ । उहाँ प्रदेश मुख्यहरूको आमा बुवाको नाममा प्रतिष्ठान निर्माण गर्ने र कोषमा रकम जम्मा गर्ने गरिएको खबर आएको छ । कोषमा रकम जम्मा गर्ने कुरालाई निस्तेज गर्नुपर्छ भन्ने चाहन्छु । यो विषय जनपक्ष कदापि हुन सक्दैन । त्यसकारण नेपाल सरकारको ध्यान त्यता जाओस् र यो अनियमिततालाई रोक्नको लागि नेपाल सरकारलाई अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय प्रकाश पन्थ ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, भानुभक्त आचार्य जो १८७१ असार २९ गते तनहुँको चुदीरम्घामा जन्मिएका थिए । जो नेपाली साहित्यका प्राथमिक कालका प्रतिनिधि कवि पनि हुन् उनी वाल्मीकि रामायणका अनुवातकका रूपमा प्रख्यात छन् । उनी नेपाली भाषाका आदिकवि हुन र नेपालका राष्ट्रिय विभूति पनि हुन् आज पनि देश र विदेशमा उनीप्रति श्रद्धा र सम्मान छ भोलि असार २९ गते उहाँको २०९ औं जन्मजयन्ती हो हार्दिक श्रद्धा सुमन उच्च सम्मान प्रकट गर्दछु । आदिकवि भानुभक्त आचार्यको जन्मस्थल तनहुँको चुदीरम्घा उपेक्षामा परिरहेको छ । यसले अपेक्षकृत फड्को मार्न सकेको छैन । सरकार र सम्बन्धित निकायको प्राथमिकता र ध्यान दृष्टि पुगोस् भन्ने अनुरोध गर्न चाहन्छु । आदिकवि भानुभक्त आचार्यको जन्मस्थल तनहुँको चुदिरम्घा आन्तरिक तथा वाह्य साहित्यिक पर्यटकको प्रचुर सम्भावना भएको धार्मिक साहित्यिक स्थल हो । यस सम्मानित राष्ट्रिय सभामार्फत म सरकार, सम्बन्धित निकाय, सरोकारवाला सबैलाई यसतर्फ गम्भीर ध्यानाकर्षण गराउँदछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सिंग बहादुर विश्वकर्मा ।

**माननीय श्री सिंग बहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**ः- सम्माननीय अध्यक्षज्यू, सिन्धुपाल्चोकको उत्तरी तातोपानी नाका जोडिएको कोदारी राजमार्गअन्तर्गतको साँधी खोलामाथि निर्माणधीन पुल एक वर्षभित्र निर्माण गरिसक्नुपर्नेमा साढे दुई वर्ष बितिसक्दा पनि करिब ३० प्रतिशतमात्र काम सम्पन्न भएको छ । अझै पनि सवारी साधनहरूले सास्ती खेप्नुपरिरहेको छ । गुनासोहरू आइरहेको छ र भन्ने यता बाह्रबिसे विषय बाउन्नेपाटीदेखि हेलम्बुसम्मको बासिन्दा संरक्षणको वास्तविक संरक्षणको लागि इन्द्रवाती नदीमा निर्माणधीन १७ कि.मी. को तटबन्धनको काम हिउँदमा नै गरी सक्नुपर्नेमा वर्खायाममा सुरु गरिएकोले क्षति पुऱ्याउने सम्भावना बढेकोप्रति ध्यानाकर्षित जनताहरूले गरिरहनुभएको छ ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, विशेष समयमा बोल्नको लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । म अब माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु ।

माननीय दुर्गा गुरुङ समय पाँच मिनेट । यसपछि माननीय देवेन्द्र दाहाल ।

**माननीय श्री दुर्गा गुरुङ (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्ष महोदय, माननीय अर्थमन्त्रीज्यू, संसदमा पेस गर्नुभएको आर्थिक वर्ष ७९/८० को विषयगत छलफलमा हामी सहभागी भइरहेका छौं । एकै दिन छोटो समयमा तोकिएका सबै मन्त्रालयको बारेमा आफ्ना धारणा राख्न सकिने कुरा त सबै मन्त्रालयमा राख्न भएन त्यसैले खानेपानी तथा सरसफाइ मन्त्रालयसँग सम्बन्धित रही यहाँ म केन्द्रीय कुरा राख्न चाहन्छु । (**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यज्यू, हामी विशेष समयमा छौं विनियोजन विधेयकको छलफल त टुङ्गिसक्या छ ।) सरसफाइको कुरा गर्ने हो भने त हाम्रो देशका सहरभन्दा हामी आफैलाई लाज लाग्ने

अवस्था पनि छ । फोहरलाई तत्काल व्यवस्था गरिने मोहोरमा बदल्नुको सट्टा हप्ता पन्ध्र दिनसम्म सडकमा फोहोर थुपारेर त्यही फोहोरमाथि राजनीति गर्न पनि हामी पछि पर्दैनौं । सुन्दर देशका हामी फोहोरी मान्छे र हाम्रो फोहोरी राजनीतिक पनि भन्न मन लाग्छ केही अहिले काहीँ । सम्माननीय अध्यक्ष महोदय, जो होस् हामीसँग छुट्टै मन्त्रालय छ । हस् त धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय देवेन्द्र दाहाल । समय सत्र मिनेट । यसपछि माननीय विना पोखरेल ।

**<u>माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, आज म हाम्रो आफ्नै बारेमा बोल्न लागिरहेको छु । नेपालमा विधायन व्यवस्थापनको सवाल निकै पेचिदो बनेको छ हामी विधायकहरू हौं । र हाम्रो मुख्य काम विधायनको व्यवस्थापन गर्नु, अर्थात विधेयकहरू कानुनहरू निर्माण गर्नु हो । तर हरेकपटक कानुन निर्माणमा उदासीनता देखिएको छ र हामी हिउँदे अधिवेशन यसलाई विधेयकहरू तयार पर्ने अधिवेशन भन्छौं र वर्षे अधिवेशन त्यसलाई बजेट अधिवेशन भन्छौं नाम तर पनि दुइटै अधिवेशनमा विधेयकको बारेमा छलफल हुने गरेको छ र हुनुपर्छ तर यी दुइटै अधिवेशन नाम जे दिए पनि त्यससँग सम्बन्धित भएर केन्द्रित भएर छलफल गरिँदैन । मलाई के लाग्छ भने, यो सांसद र सिङ्गो संसदको काम के हो त भन्दाखेरि पहिलो काम विधायनसम्बन्धी कम वा कानुन निर्माण गर्ने काम नै हो । त्यसपछाडि देशको समग्र विकासको काम वा सन्तुलित विकासमाथि सुपरस्टक्चरमा बसेर गर्ने काम दोस्रो काम । तेस्रो काम- सरकारका कामहरूको अनुगमन मूल्याङ्कन चेक एन्ड ब्यालेन्सको काम । चौथो काम- आफ्नो क्षेत्र विकास निर्माणको आदिको काम तर यहाँ उल्लटो काम भइरहेको छ यो सबैभन्दा चौथो काम चाहिँ काममा ध्यान दिएको सांसदहरूले पनि त्यस्तो अवस्था छ त्यसले गर्दाखेरि विधायनलाई निर्माण गर्ने कुरा त्यसबारेमा केन्द्रित भएर बोल्ने त्यसबारेमा केन्द्रित भएर काम गर्ने कार्यसम्पादन गर्ने सवालमा हामीले ध्यान दिनुपर्ने भएको छ यसो हेर्दाखेरि यहाँ एउटा मैले विधेयक शाखाबाट एउटा रेकर्ड लिएको थिएँ ।

त्यो रेकर्डअनुसार ०७५/०३/२७ देखि ०७९/०३/२७ भनेको हिजो हिजो एउटा बिमासम्बन्धी विधेयक दर्ता भएछ । त्यसो गर्दा एकचालिसओटा विधेयक चाहिँ यहाँ दर्ता भएका रहेछन् । र यो प्रतिनिधि सभामा प्रतिनिधि सभामा एकाउन्नओटा विधेयकहरू विचाराधीन अवस्थामा रहेछन् र यसबिचमा २०७८/०८/२७ देखि हेर्ने हो भने अध्यादेश चाहिँ चालिसओटा अध्यादेश यहाँ पेस भएछन् । र राष्ट्रिय सभा यही २०७९/०३/२२ मा संवैधानिक परिषद् (काम कर्तव्य अधिकारी र कार्यविधि) सम्बन्धी एउटा विधेयक प्रस्तुत भएको छ यो अन्तिम दर्ता भएको रहेछ राष्ट्रिय सभामा र ३५ ओटा राष्ट्रिय सभामा विधेयकहरू दर्ता भएका रहेछन् । र हामीहरूले सोह्रओटा विधेयकहरू हामीले पारित गरेर पठाएकोमा एउटा विधेयक चाहिँ फिर्ता भए' स्थिति रहेछ र हामीले प्रतिनिधि सभामा बाह्रओटा र पछि तीनओटा गरेर प्रतिनिधि सभामा चाहिँ पन्ध्रओटा विधेयकहरू चाहिँ हामीले पठाएको अवस्था रहेछ र पन्ध्रओटा विधेयकहरू चाहिँ विचाराधीन अवस्था राष्ट्रिय सभामा देखिएको छ र यसमा केही विधेयकहरू फिर्ता भए नागरिकतासम्बन्धी विधेयक रेल्वे विधेयक फिर्ता भएर फेरि यो सदनमा आ'को छ ।

र विधेयकहरू बनाउने सन्दर्भमा चाहिँ किन यस्तो भइरहेको छ किन यो कुराहरू भइरहेको छ कतिपय विधेयकहरू सदनमा पास गर्ने फेरि फिर्ता गर्ने अनि फेरि सदनमा ल्याउने यस्तो कामहरू भइरहेको र यो विधेयकको अवस्था के हो ? किन वियेधकहरू अड्केर बसिरहेको अवस्था छ ? यसबारेमा हामीले धेरैपटक कुरा उठायौं तर सुनुवाइ भएन मलाई लाग्छ यो संसद यदि अधिकार सम्पन्न हो भने सार्वभौम हो भने, पक्कै पनि हो । यो संसद त सार्वभौम छ अधिकार सम्पन्न छ भनेदेखि यस्ता विधेयकहरू हेर्ने गरी एउटा संसदमै प्रतिनिधि सभा र राष्ट्रिय सभा दुवै ठाउँमा यो विधेयकलाई हेर्ने एउटा स्पेशल एउटा अनुगमन सुपरिवेक्षण र सुझाव समिति हुनुपर्छ भन्ने म प्रस्ताव राख्न चाहन्छु किनभने सरकार के काममा अल्झिन्छ र विधेयकहरू अलपत्र परिरहेका हुन्छन् । कानुनहरू अलपत्र परिरहेका हुन्छन् । स्वाभाविक रूपमा अगि मैले भने कानुन निर्माण सदनको संसदको, पहिलो काम हो भनेर तर त्यसतर्फ ध्यान गइरहेको हुँदैन । त्यो समितिले त्यो जुन हामी समिति बनाउछौं त्यसले विधेयकको अवस्थाबारेमा जहिलेसुकै पनि अनुगमन गर्ने, सुपरिवेक्षण गर्ने त्यसबारेमा सरकारलाई झक्झक्याउने आखिरी त्यो बिजनेस दिने त्यो विधेयक ल्याउने भनेको त सरकारले नै हो । त्यसका ड्राफ्ट पेस गर्ने भनेको त सरकारले नै हो । यसकारण त्यसको

लागि एउटा समिति निर्माण हुनुपर्छ भन्ने म जोडदार माग राख्न चाहन्छु यो नगरी नहुने स्थिति आयो । यो प्रतिनिधि सभामा पनि आवश्यकता भयो र राष्ट्रिय सभामा पनि आवश्यकता भयो यही सभाले त्यस्तो समिति बनाउन आवश्यक रहेको छ त्यसको लागि हामी आफैले कानुन बनाउने हो कि ? अथवा कुन विधिअन्तर्गत बनाउने हो । त्यसअन्तर्गत यो काम गर्नुपर्छ भन्ने मलाई लाग्छ र धेरैपटक भइसक्यो हाम्रा बाह्रओटा विधेयक खोइ हाम्रो बाह्रओटा विधेयक खोइ भनेर कसैले सुनुवाइ गर्दैन ।

अनि अर्को कुरो निर्माण भएका कानुनहरूको पनि कार्यान्वयन छैन कार्यान्वयनको पक्षमा असाध्यै फितलो छ । ने.क.पा. एमालेको नेतृत्वमा सरकार भएको बेला यो जुन संविधानअनुसार मौलिक हकअन्तर्गतका धेरै कानुनहरू बने तर त्यसको कार्यान्वयन निकै कमजोर छ । जस्तो यही सदनमा पनि धेरैपटक कुरा उठाइयो दलित वर्गलाई पिछडिएका वर्गहरूलाई खास गरी दलित वर्गलाई कानुन बनाएर जग्गा दिनुपर्छ भनेर अनि आवासको हक हुन्छ । नागरिकको आवासको हक हुन्छ । उपभोक्ताहरूको आफ्नो हक हुन्छ । ती हकहरू सुरक्षण गर्नका लागि चाहिँ कानुन निर्माण गर्ने कुरा, धेरै कानुनहरू निर्माण भएका छन् । यद्यपि अहिले पनि कानुनहरू थुप्रै निर्माण हुन बाँकी रहेका छन् । तर कानुन नै नभएको अवस्था चाहिँ होइन मौलिक हकअन्तर्गतका जम्मा मौलिक हक भनेर हाम्रो संविधानमा ३२ ओटा दफाहरू रहेछन् । दफा १६ देखि ४७ सम्म संविधानमा र दफा ४८ चाहिँ कर्तव्यको दफा रहेको र जम्मा तेत्तिसओटा दफामा मौलिक हकको बारेमा उल्लेख गरिएको छ तर ती मैलिक हकको बारेमा उल्लेख गरिएका थुप्रै कुराहरू यहाँ लागु भएका छैनन् । जस्तैः उपभोक्ता हितको लागि संविधानको धाराअनुसारको कानुन निर्माण गर्न र भएका कानुनअनुसारका अधिकार सबै उपभोक्ताको हित संरक्षण गर्ने काम गरेको छ कि छैन ? भन्दाखेरि यो छैन । किनभने हामी सबै उपभोक्ताहरू हौं । मौलिक हकअन्तर्गतको धारा ४४ मा, ४४ लाई यसो फर्केर कसैले हेरेको स्थिति छैन । यहाँ के भनेको रहेछ एउटा भने मैले एउटामात्रै कुरा गर्न चाहन्छु । उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुने छ । र गुणस्तरहिन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने छ भन्ने व्यवस्था गरिएको छ र यो एउटा उपभोगक्ताको कुराहरू गरें । आवासको हकको कुरा छ । जग्गा पाउने अधिकारको कुरा छ । खाद्य सम्प्रभुतासम्बन्धी अधिकार छ यी अधिकारहरूलाई जनताका अधिकारहरूलाई

कि हामीले भन्नुपर्यो नेतृत्व वर्गहरूले यहाँ पनि शीर्ष नेतृत्वको माननीयज्यूहरू पनि हुनुहुन्छ कि भन्नुपर्यो हामीले संविधान धेरै लेखेका छौं भनेर यो संविधान नेपालको संविधानमा हामीले मौलिक हकका कुराहरू हामीले नसक्ने कुराहरू लेखेछौं भनेर भन्नुपरो नत्र भने यहाँ भएका अधिकारहरूलाई सुनिश्चित गर्नुपर्यो जनताका अधिकारहरूलाई चाहिँ दिनुपर्यो त्यो गर्न सकेको छैन । त्यो सरकारले लिडिङ गर्नुपर्यो त्यो ससदले लिडिङ गर्नुपर्यो त्यो हुनसकेको छैन ।

यहाँ एउटा यो अगि मैले उपभोक्ताको कुराहरू गर्या' थिएँ । आपूर्ति नीति, २०६८ जारी भएको रहेछ तर कार्यान्वयन उदासीनता रहेको रहेछ । उपभोक्ता संरक्षण ऐन, २०७४ मा हामीले बनाएका रहेछौं त्यसमा उपभोक्ता अदालत गठन गर्ने भनेको रहेछ । र वाणिज्य आपूर्ति तथा उपभोक्ता हित विभाग गठन गर्ने भनेको रहेछ । यो उपभोक्ता अदालत गठन गर्न त परै जाओस् यो आपूर्ति तथा उपभोक्ता हित विभाग पनि गठन गरिएको छैन रहेछ अहिलेसम्मन त्यसले गर्दा यो जुन संविधानमा उल्लेख गरेका कुराहरू कानुनमा उल्लेख गरेका कुराहरू जनताले किन नपाउने जनताले पाउनुपर्यो । जनताले ती अधिकार पाउनुपर्यो ती अधिकारको सुनिश्चित गर्नुपर्यो त्यसबारेमा अब हामीले बहस चलाउने कि नचलाउने बहस चलाउनुपर्छ अरू विषयमा खेर फाल्नुभन्दा यस विषयमा अब बहस चलाउनु आवश्यक छ र यसको निकास पनि निकाल्न आवश्यक छ । कसरी जाने अगि मैले एउटा प्रस्ताव गर्या थिएँ त्यो त कानुन निर्माण सन्दर्भमा भएका जुन समस्याहरू छन् । त्यसको समाधान गर्नका लागि  र अरू पनि धेरै कुराहरू छन् जो चाहिँ संसदले निकास दिनुपर्छ र जुन जनताले जनताको आन्दोलनबाट जुन उपलब्धिहरू हामीले प्राप्त गर्यौं । उपलब्धिहरू चाहिँ जनताले उपभोग गर्न पाउनुपर्छ र त्यसको लागि हामी लाग्नुपर्छ भन्ने मलाई लाग्छ । अब कानुन निर्माणमा संशोधन केको आधारमा होला त भन्दाखेरि संविधानको प्रावधानअनुसार कानुन बनाइन्छ ती धेरै कानुनहरू त हामीले बनायौं अझै पनि बनाउन बाँकी छ विभिन्न सरकारी तथा गैरसरकारी संयन्त्रको कार्य सञ्चालनको सहजताको लागि कानुन बनाइन्छ । तेस्रो भनेको जनताको आवश्यकता मागको आधारमा कानुन बनाइन्छ । कतिपय पुराना कानुनहरू राज्य व्यवस्थामा आएको परिवर्तन समय परिस्थितिमा आएको परिवर्तनको आधारमा संशोधन हुन्छन् । यसको आधारमा कानुनहरू बनाएको छ कि छैन त भन्दाखेरि छैन । त्यसको आधारमा बनाएको छैन । कसरी सत्ता टिकाउन सकिन्छ । सत्ता टिकाउनका लागि अनि बिचमा एउटा कानुन ल्याउने कुनै अध्यादेश ल्याउने र चलाइरहने

चल्ती चलाते ढङ्गले कति दिन टिक्ने हो ? मलाई के लाग्छ भने जनताको साहारा लिएर वा जनताको विश्वास जितेर होइन् । कानुनो प्रबन्धमा तलमाथि गरेर सत्तामा बसिरहने परिपाटि विकास यो अहिले गरिरहेको छ । उदाहरणको रूपमा भन्दाखेरि यही सरकारै निर्माणको कुरा धेरैपटक हामीले उठाइसक्यौं परमादेश अदालतको सहयोग लिएर गर्या छ । अनि भर्खरै नागरिकता विधेयक फिर्ता गरियो प्रतिनिधि सभाबाट त्यहाँ ठुलो विरोध भयो त्यसको बाबजुत पनि फिर्ता गरियो । किन त भन्दाखेरि चुनावलाई माध्यनजर राखेर त्यो गरेको होला जनताको समस्या समाधान गर्ने आम रूपमा जनताको समस्या समाधान गर्ने सबैको सहमति लिएर होइन । अनि अर्को कुरो संवैधानिक परिषद्को काम, कर्तव्य र अधिकारको निम्ति कार्यविधि भर्खरैमात्र एउटा कानुन चाहिँ यहाँ दर्ता भएको रैछ । र त्यो कानुन हेरियो त्यो हेर्दाखेरि के देखियो भने हिजो के.पी. ओली सरकारको पालामा जे कुरा ल्याएको थियो त्यो जस्ताको तस्तै त्यहाँ ल्याएको छ । जे चिजको विरोध गरेर यो सरकार आयो जुन चिजको विरोध गर्या छ ।

मसँग धेरै समय छैन तर मैले यहाँ एक दुईओटा कुरा चाहिँ ल्याएको छु । सम्माननीय सभामुख महोदयले एउटा मुद्दा हाल्नुभ'को रहेछ । त्यस सन्दर्भमा अरू पनि मुद्दाहरू छन् । त्यो मुद्दा अहिले पनि विचाराधीन अवस्थामा छलफलको क्रममा छ । वाहाँले चाहिँ संविधानमाथि एकपछि अर्को प्राहार भइरहेको छ भनेर एउटा कुरा के लेख्नुभ'को रै'छ भने संविधानको मर्म र भावना विपरीत संवैधानिक परिषद् (पहिलो संशोधन) अध्यादेश जारी गर्ने सोही अध्यादेशअनुसार अनाधिकृत रूपमा बैठक बसी पदाधिकारी सिफारिस गर्ने संसदीय सुनुवाइबेगर संवैधानिक आयोगहरूमा पदाधिकारीको नियुक्ति गर्नेलगायतका काम कारबाहीले संविधानमाथि एकपछि अर्को प्राहार भइरहेको छ भनेर चाहिँ भन्नुभ'को रहेछ । वाहाँको मुद्दामा । अनि अर्को के भन्नुभ'को रैछ भने कानुनी शासन र संवैधानिक विकासमा ठुलो अवरोध गरेको भनेर चाहिँ भन्नुभ'को रहेछ । अनि अर्को कार्यपालिका व्यवस्थापिक र न्यायापालिकाको संलग्नता र भूमिकाको अर्थ बुझाउने प्रयास गरिएको रहेछ । भनेपछि अब मलाई के लाग्छ भने यो जुन विधेयक यहाँ दर्ता भएको छ हामीले त्यसलाई चाहिँ विरोधको सूचना पनि दिइसकेका छौं । भनेदेखि यस्तो भन्ने यो सभामुखले यसो भनेर जुन मुद्दा हाल्नुभ'को छ । तिनै प्रावधानहरू राखेर त्यो विधेयक यहाँ ल्याइएको छ यद्यपि त्यो विधेयक यहाँ छलफल होला । विधेयक ल्याइएको तर अब एकचोटि त हाम्रो अध्यक्ष

महोदयले पनि त्योबारेमा छलफल गर्नुभन्दा अगाडि त सभामुख महोदयसँग छलफल गर्नुपरो । तपाईं हिजोकै अडानमा हुनुहुन्छ कि के छ तपाईंको भनेर ? मुद्दा हाल्नुभा'छ वाहाँले यी प्रावधानअन्तर्गत मुद्दा हाल्नुभा'छ त्यही फेरि विधेयक, तिनै प्रावधान राखेर अनि फेरि कानुनको रूपमा चाहिँ अगाडि बढाउने गरी यहाँ ल्याइएको छ । त्यसैले मैले के भनेको भने यो सरकार भनेको चाहिँ कुनै इथिक नभएको आफैले पहिले के भनेर आएको थिएँ भन्ने सोच विचार नभएको एउटा निर्लज्ज संस्था हो र ? सरकार भनेको त्यसकारणले गर्दा यस्तो खालको विधेयकहरू ल्याउँदाखेरि पनि के त भन्दा सरकार टिकाउने सत्ता टिकाउने हिसाबले ल्याइएको अवस्था छ त्यसैले मैले अगि के भनें । भने जनताको साहार लिएर वा जनताको विश्वास जितेर होइन कानुनी प्रबन्धमा तलमाथि गरेर सत्तामा बसिरहने परिपाटीको यो सरकारले सरुआत गर्या छ । कानुनका कुनै छिद्रहरू पनि हेर्न सकिन्छ पनि भनेर हेर्ने र त्यो कानुनी छिद्रलाई प्रयोग गरेर सत्ता टिकाइरहने अब त्यसो नगरौं मेरो अनुरोध के हो भने मैले यो विधायन व्यवस्थापनको बारेमा अलिकति छलफल चलाइरहेको थिएँ ।

र यहाँ सांसदहरूले धेरै कुराहरू उठाउनुहुन्छ, प्रश्नहरू उठाउनुहुन्छ बोल्नुहुन्छ र मसँग मेरो हातमा राष्ट्रिय सभा नियमावली छ र यो राष्ट्रिय सभा नियमावलीको परीच्छेद ४ को १५ मा के भनेको रै'छ भने शून्य समय र विशेष समय भनेर यहाँ उल्लेख गरेको रहेछ र यसमा चाहिँ । (सम्माननीय अध्यक्ष महोदय, एक मिनेट मलाई समय थप दिनुहोला है एउटा कुरा सिध्याएर आफ्नो समय सिध्याइहाल्छु) शून्य समय र विशेष समय भनेर सदस्यले आवश्यक महसुस गरेका समसामायिक विषयमा भनाइ राख्न अध्यक्षले सदनको कार्यबोझलाई विचार गरी सुन्ने समय र विशेष समय समय तोक्न सक्ने छ । भन्या रहेछ अनि यहाँ तल दुई नम्बरमा के लेखेको रैछ भने उपनियम (१) बमोजिमको शून्य समय र विशेष समयमा प्रस्तुत विषयहरूको जवाफ सम्बन्धित मन्त्रीले पाँच दिनभित्र समयमा उपलब्ध गराउन पर्ने छ भन्या रै'छ । यो कार्यान्वयन भ'को छ त ? सम्माननीय अध्यक्षज्यूमार्फत म सम्पूर्ण यहाँ माननीयज्यूहरूले बोल्नुहुन्छ र बोलेका कुराहरूको जवाफ अथवा पाँच दिनभित्र कुन मन्त्रीले आएर जवाफ दिनुभा' छ । त्यसकारणले गर्दा म त अब यो परिच्छेद-४ को यो १५ नम्बरको जुन दुईको प्रावधानलाई प्रयोग गरेर यो सरकारलाई मुद्दा हाल्नेवाला छु । अब मुद्दाले नै चल्ने र'छ । अब मुद्दा त हाल्नुपर्यो । अब मुद्दा मामिलातिर लाग्नुपर्यो । सरकारले आएर जवाफ नदिने यहाँ माननीयहरूले बोल्ने । अनि यो बोल्ने कुरा के जवाफ

पनि विहीनता भयो भने के हुन्छ नि त्यो भुक्ने हुन्छ के । आएर भु'को भु'को हिँडो त्यो गल्लीको कुकुर हुन्छ नि त्यसले भुक्दाखेरि भुक्छ भुक्छ अब एकछिन पछाडि सकियो त्यसको कुराहरू त्यस्तो खालको स्थिति नहोस् भनेर म हार्दिक आग्रह गर्न चाहन्छु र विधायनको सवालमा विधायनलाई निर्माण गर्ने सवालमा गम्भीर भएर यो सदनले पनि सोच्नुपर्छ र सरकारले पनि सोच्नुपर्छ यिनै कुराहरू राख्दै आफ्नो भनाइलाई अन्त्य गर्न चाहन्छु । हस् त । धन्यवाद ।

**पीठासीन**:- माननीय श्री दिल कुमारी रावल थापा (पार्वती) ।

**सम्माननीय अध्यक्ष**:- माननीय बामदेव गौतम समय पाँच मिनेट । त्यसपछि माननीय विना पोखरेल ।

**माननीय श्री बामदेव गौतम (मनोनीत)**:- सम्माननीय अध्यक्ष महोदय, भर्खरै बोलेर जाने माननीय वक्ताले नेपालको संविधानको सम्बधनमा के कुरा राखुभा' छ । मैले पनि त्यसैबाट सुरु गर्दैछु । मैले खासगरीकन व्यवस्था व्यवस्थापिकीय सम्बन्धमा यो प्रतिनिधि सभाको सभामुख र उपसभामुख तथा राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षको सम्बन्धमा जे व्यवस्था गर्या छ । त्यो व्यवस्थाको सम्बन्धमा मैले सम्बन्धित पक्षको ध्यानाकर्षण गर्नको निम्ति मैले यो उल्लेख गर्दै छु । संविधानको धारा ९२ मा राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष भन्ने व्यवस्था छ र त्यसमा प्रतिनिधि सभाको मा पनि र राष्ट्रिय सभाको मा पनि उपाध्यक्षबिनाको अध्यक्षको परिकल्पान छैन । यसको अक्षर र भावनामा जाने हो भने उपाध्यक्ष हर ठाउँमा अध्यक्षसित सँगसँगै उपाध्यक्ष छ तर त्यसमध्ये एक अनिवार्य रूपमा महिला हुनपर्ने छ । यसको अर्थ के पनि हुन्छ भने बरु पुरुष र महिलामध्य पुरुष नभए पनि हुन्छ महिला अनिवार्य हुनुपर्छ । किनभने महिला अनिवार्य भनेर लेखेको छ र यसको अर्थ के हो भने हामीले संविधान निर्माण गर्दाखेरि धेरै ठाउँमा एउटा पदमा महिला, एउटा पदमा पुरुष राख्ने गरी बराबरी हक अधिकार छ भनेर भन्ने सन्देश दिनको निम्ति यो व्यवस्था गरिएको थियो । त्यही व्यवस्थाअनुसार राष्ट्रपति र उपराष्ट्रपतिको व्यवस्था भएको छ र सभामुख उपसभामुख र राष्ट्रिय सभाका अध्यक्ष र उपाध्यक्षज्यू पनि त्यही व्यवस्थाअन्तर्गत

भ'को छ म संविधान निर्माता पनि हुँ । हक हुन्छ के मैले निर्माण गरेको संविधानका हरेक विषयमा म त्यसको व्याख्या गर्ने अधिकार पाउँछु ।

त्यसो भएर आज राष्ट्रिय सभामा उपाध्यक्ष नभएको ४ महिना भइसक्यो र अब यहाँ पुरुष र महिलाको पुरुष अध्यक्ष र महिला उपाध्यक्ष व्यवस्था हो । महिला यो यो संविधानको यो धाराको व्याख्य गर्दाखेरि यसको भावना यो पनि हुन सक्छ जसरी यहाँ भाषा प्रयोग भ'को छ शब्दहरू प्रयोग भएका छन् । त्यसलाई हेर्दाखेरि बरु पुरुष नभए पनि हुन्छ तर महिला हुनै पर्छ र महिलामात्र दुइटै पदमा हुँदाखेरि यो सही हुन्छ । अध्यक्ष पनि महिला र उपाध्यक्ष पनि महिला हुँदा यो संविधानको भावनालाई असर गर्दैन तर महिला अनिवार्य हुन पर्छ जसमा संविधानको दुवै ठाउँमा लेख्या छ । अब प्रतिनिधि सभामा त लाजमर्दो स्थिति भो' किनभने विगत झन्डै चार वर्षदेखि त्यहाँ उपसभामुख नै छैन र त्यहाँ पुरुष सभामुख भएको हुनाले त्यहाँ पनि महिलै हुने हो । यदि पुरुष अनिवार्य भनेर चाहिँ भनेको भए आज होइन पाँच दिनमै त्यो खाली हुँदाबितिकै पूरा हुने थियो । यो के कारणले सरकारको पनि ध्यान गएको छैन । राजनीतिक पार्टीहरूको पनि ध्यान गएको छैन । अरू कसैको पनि ध्यान गएको छैन र हाम्रो यो राष्ट्रिय सभामा यो विषय प्रवेश गराउन म चाहन्छु र नेपाल सरकारका मन्त्रीज्यूले प्रधानमन्त्रीलाई र अरूलाई यहाँले पर्याउनुहुने छ भनेर भन्ने मेरो माग छ र यसै गरेर म एउटा समितिको सदस्य हुँ । त्यहाँ म ज्येष्ठ सदस्य भएको नाताले अध्यक्षता गरिराख्या छु । र मैले बुझ्दाखेरि अहिले राष्ट्रिय सभाका चारओटा समितिहरूमध्ये तीनओटा समितिमा सभापति छैन र यो तीनओटा समितिमा सभापति नभएको चार महिनाभन्दा बढी भइसक्यो यतातिर ध्यान गाए जस्तो लागेन संसदमा रहेका पार्टीहरूले त्यसमा ध्यान दिनुपर्ने हो । सरकारले ध्यान दिनुपर्ने हो र मेरो विचारमा राष्ट्रिय सभासित सम्बन्धित विषयमा हाम्रो सम्माननीय अध्यक्षज्यूले पनि ध्यान दिन पर्ने हो र यो कार्यव्यवस्था समिति बनेको छ । त्यो कार्यव्यवस्था समितिको पनि ध्यानाकर्षण हुनुपर्ने हो । अब यस्ता यस्ता विषयहरू पनि यहाँ छैनन् र मेरो विचारमा जुन ठाउँमा महिला अनिवार्य हुनुपर्ने हो । त्यहाँ भएको छैन र । (**<u>सम्माननीय अध्यक्ष</u>**ः- समय सकियो माननीयज्यू, टुङ्ग्याउनुपर्ने भो' ।) यो चाहिँ लाज मर्दो कुरा हो र महिला माननीयहरूले एउटा चाहिँ आन्दोलन नै गर्नुपर्ने जस्तो मलाई लाग्या छ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय विना पोखरेल । समय आठ मिनेट । त्यसपछि माननीय राजेन्द्र लक्ष्मी गैरे ।

**माननीय श्री विना पोखरेल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- अध्यक्ष महोदय, म आफूले आफ्नै जीवनमा अनुभव गरेका वा देखे सुनेका केही घटना क्रममा उल्लेख गरेर विषयमा प्रवेश गर्न चाहन्छु । एक नम्बर बुँदा-म केटाकेटी नै थिएँ । मेरो बुवाले घरमा दलितमा भान्सामा भित्र्याएर सँगै खाना खुवाउनुभयो र ब्राहामण समाजबाट टाढिनुभयो कम्युनिष्टहरूको बाहुल्यता रहेको गाउँ र आफै शिक्षक नभएको भए सायद तत्काल गाउँ निकाला हुनुपर्ने अवस्था हुन्थ्यो । दुई नम्बर बुँदा- म माओवादी जनयुद्धको तयारीको समयदेखि नै सक्रियतापूर्वक आन्दोलनमा सहभागिता थिएँ जनयुद्धले नेपाली समाजको चेतना र संस्कार संस्कृतिमा पनि अत्यन्तै ठूलो धक्का दिएको थियो दलित र गैरदलित धेरै युवा युवतीबिच सामाजिक बन्धनलाई तोड्दै विवाह भयो तर शान्ति प्रक्रियामा आइसकेपछि कति आफ्नै घरपरिवारबाट अलग र नयाँ सामाजिक परिवेशमा सरेरमा मात्र थोरैको त्यो सम्बन्ध टिकेको छ धेरै सम्बन्धमा दरार पैदा भई सम्बन्ध विच्छेद भइसकेको छ । तेस्रो बुँदा-परिवर्तनकारी आन्दोलनमा दलित समुदायको अत्यन्त ठूलो र महत्त्वपूर्ण योगदान छ । २००७ सालको आन्दोलनताका चन्द्र नेपालीलाई बन्दीपुर जेलबाट निकालेर मारिएको थियो रे जनयुद्धका प्रथम सहिद दिलबहादुर रम्तेल बने अरू थुप्रै दलित समुदायबाट सहिदहरू छन् तर अरूका नाममा प्रतिष्ठान बन्ने सहिदको योगदानको विभिन्न ढङ्गले कदार हुने, तर दलित समुदायका सहिदहरू केवल औपचारिक कार्यक्रममा मात्र सम्झने अरू उल्टै दलित नै भएकाले हुन सक्छ सेतु वि.क. को शालिक तोडिने घटना जस्ता पनि भएको छ ।

चार नम्बर बुँदा-दलितको निम्ति छुट्टै कुवा खनिने सँगै पानी थाप्दा या इनारबाट पानी निकाल्दा दुर्व्यवहार भएको घटना पनि देखिरहेकै छ । पाँच नम्बर बुँदा-दलित महिलामाथिको बलात्कार र हत्यासम्मका घटनामा कुनै कमी आएको छैन । छ नम्बर बुँदा दलित भएकै कारण कोठा भाडा नपाउने गैरदलित भनेर ढाँटेर कोठा लिनुपर्ने घरबेटीले दलित भएको थाहा पाउनेबितिकै काठो छाड्न दवाब दिएका घटना पनि सुनिरखिएकै छ ।

अध्यक्ष महोदय, मैले यी घटना र सन्दर्भलाई उल्लेख गर्नुको अर्थ दलित समुदायमाथि अहिले पनि हाम्रो समाजले गरिरहेको अमानवीय र अमर्यादित अपराधिक

व्यवहारको हो । युग कहाँ पुगिसक्यो एकातिर मानवीय श्रम र चेतनाले कत्रो फड्को मारिसक्यो हामी विकासित र सभ्य युगका मानव हौं भनेर दाबी गर्दै छौं । तर अर्कोतर्फ हाम्रो समाज र हाम्रो संस्कृति चेतना भने ऋष बेदकालीन र मनोवादी नै छ । जात व्यवस्था र वर्णवादमा नै समाज अल्झिरहेको छ । अहिलेकहीँ हाँसो पनि उठ्छ । मानव जन्म र जीवनका कुरा स्वास्थ्य विज्ञानले अंश अंशमा पत्ता लगाइसक्यो तर हाम्रो संस्कारगत र चेतना भने ब्रह्माको मुखबाट बाह्मण, पाखुराबाट क्षेत्री, जाङबाट वैश्य र पैंतालबाट शुद्र शुद्र जन्मिएका हुन् भनेर दलित र शुद्रखानी अछुत् अछुत व्यवहार गर्न छाडेको छैन । वर्षमा एक दिन विश्वकर्मा पूजा गर्ने कुरालाई छाडेर दलितको सम्मान गर्ने काम कहीं कतै भएको देखिँदैन । श्रम, सीप र कौसलको मात्र होइन श्रमिक सिल्वकार र कालीगडको सम्मान गर्ने संस्कृतिको विकास नगरुन्जेलसम्म हाम्रो यस संस्कारगत चेतनाले समाजलाई अझ बढी विखण्डित नै गरिरहन्छ । सुरुको चार जात वर्ण अठार जात छत्तिस जात हुँदै अहिले १२५ जातजातिमा बदली सकियो र मानव एउटैमात्र मानव जाति हो भन्ने अवस्था रहेन ।

अध्यक्ष महोदय, हाम्रो संविधानले ऐतिहासिक कालखण्डदेखि नै दलित समुदायमाथि हुँदै आइरहेको शोषण, दमन र विभेदको अन्त गर्न दलितको हक भनेर मौलिक हकअन्तर्गत छुट्टै धाराको व्यवस्था गरेको छ । राजनीतिक, आर्थिक, शिक्षा, स्वास्थ्य, सीप र प्रविधि आवासलगायतका कुरा त्यहाँ गरिएको छ दलित आयोग बनेको छ । दलित विकास समितिहरू बनेका छन् । मानव अधिकारवादी संस्थाहरूले आवाज उठाइरहेका छन् । गैरसरकारी संस्थाहरू पनि क्रियाशील छन् तथापि दलित समुदायमाथिको अपमान र अमानवीय व्यवहार अझै अन्त्य हुन सकेको छैन । त्यसैले हाम्रो समाजको संस्कारगत चेतनालाई बदल्न अत्यन्तै सशक्त र प्रभाकारी अभियान चलाइनुपर्दछ । जसको पहल स्वयम् राज्यले लिनुपर्दछ ।

अध्यक्ष महोदय, निर्वाचन प्रणाली पूर्ण समानुपातिक बनाइनुपर्दछ र दलितको प्रतिस्पर्धा दलितसँग मात्र हुने व्यवस्था गरिनुपर्दछ । दलितको नाममा साहु माजनको होइन दलितभित्रैकै निम्न वर्गको प्रतिनिधित्वमा जोड दिनुपर्दछ । दलित समुदायमाथिको दुर्व्यवहार र अपमानलाई दण्डनीय अपराध मानिनुपर्दछ । र सोहीअनुरूप कानुन बनाई लागु गरिनुपर्दछ । माफ गर्नुहोला मैले पुरानै शब्दमा प्रयोग गर्छु कामी, दमाई, सार्की, गाइने, बादी समुदायभित्र थुप्रै थरहरू छन् र विभाजित छन् । तराईमा बसोबास गर्ने दलितहरू अठार

थरमा बाँडिएका छन् । दलित समुदाय आफैभित्र पनि तल र माथि छुत र अछुत देखिन्छ त्यसैले दलित समुदायभित्रकै यो स्थितिको अन्त्य गर्नको लागि त्यहाँभित्र पनि अभियान चलाउनुपर्दछ । साथै अधिकार, समानता र सम्मान कोही कसैको बक्सिस दान दातव्य र दयाबाट पाइने कुरा होइन लडेर लिने कुरा हो । लिने कुरा हो, प्राप्त नगरुन्जेलसम्म लडिरहनुपर्दछ । (अलिकति एक मिनेट समय दिनुहोला अध्यक्ष महोदय) भन्ने चेतनाको विकास गरिनुपर्दछ । त्यो लडाइँ दलित समुदायभित्रको एकताबाट मात्र सम्भव छ भन्ने कुरा बुझाइनुपर्दछ । हाम्रो अध्यक्ष महोदय, हाम्रा सबै पाठ्यक्रममा र पठ्यपुस्तकहरू दलितमैत्री बनाइनुपर्दछ हाम्रा धर्म संस्कार र संस्कृतिले हाम्रो समाजलाई विभाजित गरेर कमजोर बनाएका छन् । मानवीयताको उल्लङ्घन गरेका छन् । अन्धविश्वास लागि कायम राख्न मदत पुऱ्याएका छन् र मानव जातिलाई सुसंस्कृति र सभ्य जातिको रूपमा विकास हुन दिइरहेका छैनन भन्ने कुराको शिक्षा प्राथमिक तहबाट नै दिइनुपर्दछ । हवस् त । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय राजेन्द्र लक्ष्मी गैरे । समय बाह्र मिनेट । त्यसपछि माननीय तुल प्रसाद विश्वकर्मा ।

**<u>माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**ः- सम्माननीय अध्यक्षज्यू, आज धेरै साथीहरूले समसामयिक कुरा गरिरहनुभा' छ । मलाई पनि साँचिकै समसामयिक विषयमा नै तपाईंहरूको बिचमा आफ्ना विचारहरू राख्ने उद्देश्य बोकेर तपाईंहरूको बिचमा उपस्थित भएको छु । हाम्रो राष्ट्रिय सभाको मिटिङ सकिसकेसी आफ्नो क्षेत्र फर्कने क्रममा यहीं २५ गतेको दिनमा एकै दिनमा दुई जना २४ वर्षका चेलीहरूले आत्महत्या गरेको घटना सुन्न र देख्न र ती अभिभावकहरूलाई सम्हाल्न त्यस्तो खालको जिम्मेवारी आइलाग्यो के एक दिन आफ्नो क्षेत्र फर्केको थिएँ । त्यो घटना मैले प्रत्यक्ष देखें त्यसले मलाई असाधै दुखी बनायो ।

हामीले संविधानमा मौलिक हकका कुरा गर्यौं हिजो हामीले संविधान बनाउँदा या राजनीतिक लडाइँका मैदानहरूमा सबै महिलाहरू मिलेरलाई हामीले महिला सशक्तीकरणको कुरा, महिलालाई आत्मनिर्भर बनाउने कुरा महिलालाई सहभागी बनाउने कुरा, हाम्रा अन्दोलनबाट हामीले स्थापित गर्यौं । धेरै राजनीतिक अधिकारहरूलाई हामीले हासिल गर्यौं

त्यसै सन्दर्भमा आज विभिन्न संरचनाहरूमा महिलाहरूको सहभागिता छ चाहे स्थानीय तहमा चाहे चाहिँ संसदहरूमा हामीले भन्या जस्तो हामीले गर्या जस्तो अझै हामीले बनाउन सकेका रहेनछौं भन्ने महशुस हुन्छ । हाम्रो राजनीतिक पार्टीका हरेक संरचनामा राज्यको हरेक संरचनामा हामीले हाम्रो संविधानले दिएको अधिकार त ३३% हो नि त । आज हामीले फर्केर हेर्यौं भने महिला सहभागिता भएको छ । तर त्यो सङ्ख्या अझै पनि पुगेको छैन अगि माननीयज्यूले चर्चा गर्नुभयो कमी भएको कुरा महिला भएकै कारणले गर्दा महिलाहरूले महिलाहरू आउने ठाउँहरू भयो भने व्यवस्था गरिने कुरालाई हामीले अहिले पनि हाम्रो सहभागिता त छ । तर हाम्रो सहअस्तित्व छ कि छैन । अझै पनि हामीलाई यो समाजले यो सरकारले यो देशका हरेक चाहिँ आफूलाई ठुला बडा ठान्नेहरूले स्वीकार गरेका छन् कि छैनन् महिलाहरूको अस्तित्वलाई भनेर हामीले केलाउनुपर्ने हुन्छ । त्यसभएको हुनाले हामीले हिजो खोजेको जुन महिला सशक्तीकरणको कुरा महिला आर्थिक निर्भारताको कुरा र हाम्रो विभेदबिना कुनै हिंसाबिना महिलाहरू बाँच्ने कुरा हामीले लेखाउन सफल भएम् भनेर हामीले गर्व गर्यौं तर महिला आज त्यो पनि वेहोरी रहेका छन् । अहिले पनि हाम्रो समाजमा विद्यमान छ । सामाजिक विद्यमान छ ।

आज हाम्रो घरभित्र हरेकका घरभित्र हरेकका ठाउँमा टोलमा मान्छेहरू आत्महत्या गर्ने त्यसमा पनि महिला यही उमेर महिला जति बेला लाउँला र खाउँला यो देशको भविष्य निर्माण गरौंला आफ्नो परिवारलाई योगदान गरौंला केही गर्न सकौंला भन्ने उमेरका मान्छेहरूको आत्महत्या सुसाइटहरू बढिरहेको छ । त्यो तपाईंको टोलमा पनि बढेको छ । मेरो टोलमा पनि बढेको छ । आज हाम्रा कार्यक्रमहरू तिनीहरूलाई आत्मनिर्भर बनाउनेतिर हाम्रो पाठ्यक्रममा आएनन् कि ? हाम्रा योजनाहरूमा आएनन् कि ? किन हामीले ती युवाहरूलाई हामीले सम्बोधन गर्न सकेनौं ? यो हामी हरेक नेपालीले, हरेक नागरिकले हामीले सोच्नुपर्ने भएको छ । यस्तो विभेदको कुरामा कुरामा हाम्रा समाजका होनहार मान्छेहरूले दिन प्रतिदिन ज्यानहरू गुमाउने कुरामा चाहिँ यसमा राजनीति हुँदैन साथी हो । राजनीतिभन्दा धेरैमाथि उठेर हामीले सोच्नुपर्ने हुन्छ । विचार पुर्याउनुपर्ने हुन्छ । राजनीतिक पार्टीका महिला नेताहरूले त अझै बेसी एकताबद्ध भएर हामीले योजना बनाउने देखिन्छ त्यसले गर्दा महिला हिंसाको कुरा अहिले पनि हाम्रो देशमा दिनप्रति दिन बढि नै रहेको छ । हामी महिलाहरूको विषयमा हामीलाई नसोधिकन निर्णय हुन्छ त्यहाँ ।

साथीहरूले निर्णय गर्नुहुन्छ । महिलाहरूलाई सोध्नुपर्दैन महिलाहरूको योजना के छ ? कहीँ सोधिँदैन त्यसो हुनाले अझै पनि हाम्रो समाजमा विभिन्न ठाउँमा महिलाहरूको अस्तित्वलाई स्वीकार गरेको देखिँदैन त्यसैले गर्दा हामी हाम्रो क्षमताको विकास हाम्रो अस्तित्वको चाहिँ स्थापना र विभेदरहित समाजमा बाँच्न चाहन्छौं विभेदरहित समाजमा निर्माणमा हाम्रो माननीयज्यूहरूको पनि त्यतिकै योगदान हुनेछ । त्यतिकै हामी लाग्नुपर्ने देखिन्छ हामी यहाँ आएर अगि धेरै माननीयज्यूले चर्चा गर्नुभयो नीति निर्माणको कुरा हामी तेजाबको विषयमा पनि छलफल गयौं यो मान्छेहरूको आत्महत्या हुने कुरालाई परिवार र समाजले उक्साएको कारणले विभेद गरेका कारणले हेला गरेका कारणले बाँच्न नसकेका कारणले आत्महत्या भएको छ । उक्सावाट गर्ने मान्छेहरूलाई त्यो समाजमा विकृति र विसङ्गति फैल्याउने मान्छेहरूलाई पनि कारबाही गर्नुपर्दछ त्यस्तो खालको पनि हामीले विधेयकहरू निर्माण गर्दा हामीले त्यो कुरालाई पनि अझै बढी ध्यान दिनुपर्ने देखिन्छ । त्यस्तो खालको अवस्था हामीले देखिरहेका छौं र हामीले यो खालको कुराहरू गरिरहँदा हामीले यो ठाउँमा भइरहँदा पनि हामी आफै सन्तुष्ट हुन नसक्ने हामीले भन्या जस्तो बनाउन नसक्ने भने हाम्रो देश कता जान्छ ? हाम्रो समाज कता जान्छ ? हाम्रा सन्ततिहरू कता जान्छन् ? हाम्रा युवाहरू कता जान्छन् ? हामीले बनाउन खोजेको राष्ट्र के हो ? हिजोभन्दा आज आजभन्दा भोलि दिन प्रतिदिन विकृति र विसङ्गति वेरोजगारहरू बाटामा सडकमा बरालिएर मान्छेहरू हिँडिरहेका छन् । मान्छेहरू बाटोमा हिँड्न डर मानिरहेका छन् । यस्तो समाज त हामीले चाहेको समाज त होइन नि । हामीले चाहेको समाज त एउटा शन्तिपूर्वक रूपमा बाँच्न सकिने कुरा हो । अगि माननीयज्यूहरूले चर्चा गर्नुभो' विभेदको कुरा दलितको विभेदको कुरा अनि महिलाको विभेदको कुरा यथावतै छ हाम्रो समाजमा हाम्रो सामाजिक रूपले पनि छ आर्थिक हिसाबले पनि महिलाहरू विभेदमै छ । अहिले पनि धेरै कुराहरूमा आर्थिक रूपमा आफ्नो हातमा केही नभएको कारणले, किशोरीहरू साथीले जस्तै लाउन नपाएका कारणले, साथीहरूको जस्तै खान नपाएका कारणले, साथीहरूजस्तै हिँड्न नपाएका कारणले गर्दा पनि आत्महत्या गर्ने गर्दछन् । त्यसो भएको हुनाले हाम्रा योजनाहरूले हाम्रा मान्छेलाई आत्मनिर्भर बनाउने सक्ने गरी विभेदको उन्मूलन गर्न सक्ने गरी स्वभिमानीपूर्वक बाँच्न सकिने गरी हामी संवेदनशील भएर अगाडि बढौं र हाम्रा योजनाहरू त्यस्तो मुखी होस् । त्यसो भएको हुनाले सम्माननीय अध्यक्षमार्फत म सरकारको पनि ध्यानाकर्षण गर्न चाहन्छु र सबै माननीयज्यूहरूको राजनीतिक पार्टीमा आबद्ध महिला दिदी बहिनीहरूको सबै सबै

साथीहरूलाई संवेदनशील भएर आफ्नो समाजका विकृति विसङ्गति र यस्तो खालको घटनाहरू मान्छेहरूले लाऊँ लाऊँ र खाऊँ खाऊँको उमेरमा ज्यान गुमाउनुपर्ने घटनाहरूलाई न्यूनीकरण गर्नको निम्ति हामी एकाबद्ध भएर अगाडि बढ्न सकौं र अध्यक्षमार्फत सम्बन्धित मन्त्रालयको पनि ध्यानाकर्षण गर्न चाहन्छु यति भनेर मेरा आफ्ना कुरा यहीं अन्त्य गर्न चाहन्छु । नमस्कार ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय तुल प्रसाद विश्वकर्मा समय पाँच मिनेट । त्यसपछि माननीय डा. विमला राई पौडयाल ।

**<u>माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, म यो विशेष समयलाई प्रयोग गर्दै देशको केही समसामयिक विषयहरूमा केही कुराहरू राख्न गइरहेको छु । आज देशमा महाङ्गीले जनताहरू आक्रान्त भइरहेका छन् हरेक कुरामा महाङ्गीले जनताहरू यति पीडित छन् । उनीहरूको दैनिक जीवन चल्न मुस्किल मुस्किल परिरहेको अवस्था छ । सरकारले पेट्रोलियम पदार्थमा मूल्य वृद्धि गर्यो त्यसको साथसाथै दैनिक जीवनका सामानहरूमा पनि मूल्य वृद्धि भए । सरकारले पेट्रोलियम पदार्थको मूल्य घटायो तर मूल्य वृद्धिको चाहिँ घटाउनेतिर सरकारको ध्यान गएन । अन्य सरसामान दैनिक जीवनका सामानहरूको मूल्य वृद्धि यथावत् छ । त्यसैले यो मूल्य वृद्धि घटाउनेतिर सरकारको चाहिने उपयुक्त ध्यान जाओस् भन्ने मैले यहाँ चाहिने अनुरोध गर्न चाहन्छु ।

त्यसै गरी देशमा विकास निर्माणका कामहरू भइरहेका छैनन् । विशेष गरेर विकास निर्माणको काम अत्यन्त मन्द गतिभइरहेकोमा छ । र त्यसमा पनि विकास निर्माणमा मुख्यतया ठेकेदारहरूको कारणले गर्दाखेरि ती विकास निर्माणका काम पूरा हुन सकेका छैनन् । ठेकेदारहरूको ढिला सुस्ती र उनीहरूको लापरबाहीको कारणले विकास निर्माण चाहिने रोकिएको छ । ठेकेदारहरूले कामको जिम्मा लिने तर आफ्नो जिम्मावरी पूरा नगर्ने कामको जिम्मा लिइसकेपछि पेस्की पहिलै लिने र यस किसिमले विकास निर्माणका कामहरू अत्यन्त लथालिङ्ग अवस्थामा छन् । र अर्कोतिर सरकारले विकास बजेटको चाहिने जो ऊ हो त्यो चाहिने यो आर्थिक वर्षको अन्यमा मात्रै यसलाई निकासा दिने जुन एउटा पुरानो परम्परा रहिआएको छ । अहिलेको सरकारले पनि त्यसैलाई अनुसरण गर्यो त्यसैले यस्तो हुनुहुँदैन ।

उचित ठाउँमा खास विकास निर्माणका कुराहरूमा सरकारले समयमै ध्यान दिनुपर्छ । समयमै विकास निर्माणका बजेटहरू निस्रित गरिनुपर्छ । र ठेकेदारहरूलाई कढाइपूर्वक काममा लगाउनको लागि सरकारले त्यसमा चाहिने कढाइपूर्वक ध्यान दिनुपर्छ भन्ने मैले आफ्नो धारणा राख्न चाहन्छु ।

त्यस्तै गरी आज देशमा विशेष गरेर व्यापार घाटा चरम चुलीमा पुगेको छ । हाम्रो देशको व्यापार घाटा दिननुदिन बढ्दै गइरहेको छ । अरबौंको चाहिने यो आकडमा पुगिसकेको छ । त्यसैले यो विकास घाटालाई जबसम्म हामीले यसलाई रोक्न सक्तैनौं । तबसम्म यो देशको विकासलाई अगाडि हामीले सकिन्न । जनताको जीवनस्तरलाई उचाल्न सकिन । यो विकास घाटा रोक्ने भनेको प्रमुख कुरा भनेको हामीले चाहिने यो आयातलाई रोक्ने नै हो । जुन उत्पादनलाई बढाउने देशमा बढीभन्दा बढी उत्पादनमा, उत्पादन वृद्धिमा जोड दिने र विदेशी सरसामानहरूको विदेशी आयातलाई हामीले नरोक्दासम्म, न्यूनीकरण नगर्दासम्म यो चाहिने हाम्रो व्यापार घाटा चाहिने सुध्रिन सक्दैन । त्यसैले यो चाहिने सामान्य कुरा होइन । किनभने जबसम्म देशको अर्थतन्त्र सबल हुँदैन त्यतै बेलासम्म हाम्रो चाहिने कुनै पनि क्षेत्रमा चाहिने विकास र उन्नति हुन सक्तैन । त्यसैले यो देशको स्थितिमा देशभित्र उद्योगधन्दा खोल्ने देशमा उत्पादनको वातावरण तयार पर्ने योतिर सरकारको ध्यान कम गएको देखिन्छ ।

आज देशको चाहिने युवा शक्तिहरू, ठुलो सङ्ख्यामा विदेशतिर गइरहेका छन् । ठुलो जनशक्ति विदेशिएको छ र त्यसलाई हामीले रोक्न सकिरहेका छैनौं । उनीहरूलाई यहाँ देशमा रोक्नुभनेको रोक्नेको एउटा उपाय भनेको के हो भने । देशलाई औद्योगीककरण गर्ने । उनीहरूलाई देशमै युवा शक्तिलाई रोजगारी दिने अवस्था हो यसलाई हामीले रोक्न सकिएन भने देश चाहिने देशमा चाहिने यहाँका वेथितिहरू, अब यहाँका कृषि मलका चाहिने कुराहरू बरम्बार उठिरहेका छन् यो सदनमा सरकारले आपूर्ति गर्न सकेको छैन । विद्यार्थीको पाठ्यपुस्तकहरू ऊ गरेका छैनन् । (सम्माननीय अध्यक्षज्यू, मलाई एक मिनेट चाहिने समयको थप गरिदिन म अनुरोध गर्छु ।) त्यसकारणले देशमा चाहिने यो चाहिने जुन किसिमको एउटा वेथितीको अवस्था चाहिने दिन प्रतिदिन बढ्दै गइरहेको छ । यो अत्यन्त चिन्ताजनक छ । यदि यही रूपमा यो अवस्था बढ्दै जाने हो भने यहाँ पनि श्रीलङ्काको अवस्था सृजना नहोला भन्न सकिन्न । त्यस भएको हुनाले यसले देशमा यो स्थिति बढ्दै गयो

भने प्रतिगमनको खत्रा बढ्न सक्छ । त्यो प्रतिगमनको हाबी भयो भने यो सरकारको अवस्था सरकारको एउटा जीवन कालमा नै सरकारको औचित्यमा नै प्रश्न उठ्न सक्ने अवस्था आउन सक्छ । त्यसैले यस कुरामा सरकारको उचित ध्यान जाओस् भन्ने मैले माग राख्न चाहन्छु । हावस् त । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय डा. विमला राई पौडयाल । समय पाँच मिनेट । त्यसपछि माननीय जग प्रसाद शर्मा ।

**माननीय डा. विमला राई पौडयाल (मनोनीत)ः**- सम्माननीय अध्यक्षज्यू, हिजोमात्रै विश्वले विश्व जनसङ्ख्या दिवस मनाएको छ । म आज विश्व जनसङ्ख्या दिवसकै सन्दर्भ पारेर नेपालका केही प्राथमिकताका विषयमा कुरा राख्न गइरहेको छु । विश्वले ८ बिलियन जनसङ्ख्या पुग्छ, अबको ४ वर्षमा भनेर प्रक्षेपण गरिरहँदाखेरि नेपाल पनि यो ट्रेन्डभन्दा टाढा छैन । तर नेपालमा हामीले विश्व जनसङ्ख्या दिवस प्रत्येक वर्ष मनाउँछौं । मनाउनको लागि मनाउँछौं तर अहिले हाम्रो भइरहेको जनसङ्ख्याले हामीलाई के गर्नको लागि भनिराख्या छ । कसरी यसलाई व्यवस्थापन गर्ने र कसरी यसलाई उपयोग गर्ने भनेर भनिराख्या छ भन्ने कुरामा चाहिँ पटकै सोच्दैनौं । गोष्ठीहरू हुन्छन् । गोष्ठी मनाउछौं हामी जान्छौं एकदमै चित्त दुख्दो कुरा के छ भने हाम्रो जनसङ्ख्या अहिलेको जनसङ्ख्या हाम्रो चाहिँ यो जनसङ्ख्या धेरै भयो भनेर चिन्ता गर्ने विषय होइन अहिले । अहिलेको जनसङ्ख्याका दुइटा महत्त्वपूर्ण अवसरहरू पनि छन् र चिन्ताका विषय पनि छन् । एउटा महत्त्वपूर्ण अवसर भनेको हाम्रो यो युवाहरूको जनसङ्ख्या अहिले नेपालमा असाधै धेरै छ । यो ५५ वर्षको लागि आउने यसलाई डेमोग्राफिक डेभिडेन्ट भन्छौं । हामीले जनसङ्ख्यिक लाभ यो चाहिँ हाम्रो ५५ वर्षको लागि आएको हो हाम्रो देशमा सन् १९९२ देखि २०४७ सालसम्म रहन्छ । अनि हामीले ३० वर्ष त केही नगरीकन भएका युवाहरूको त्यो १५ वर्षदेखि ६४ वर्षसम्मको उमेरको जनसङ्ख्या । यो जनसङ्ख्यालाई उपयोग गर्नुभन्दा विदेश पठाए रै हामीले चाहिँ क्यारेमबोर्ड नेपालमा भएकाहरूलाई क्यारेमबोर्ड खेलाएर अनि बाहिर गएकालाई विदेश पठाए रै सिध्यायौं । हामीले ह्युमन रिसोर्स विशेष गरीकन जनसङ्ख्याको युवाहरूको कसरी हामीले उपयोग लिने भन्ने कुरा हामीले नसोचीकनै ३० वर्ष बितिसकेको छ

। अब २५ वर्षपछि हामी १५ वर्षभन्दा मुनिका केटाकेटीको देश र ६५ वर्षभन्दा माथिका वृद्धहरूको देशमा जाँदै छौं । यो २५ वर्ष हो हामीलाई जनसङ्ख्याको एकदमै राम्रोसँग योजना बनाएर उपयोग गर्ने हुनत नेपालमा जनसङ्ख्या भनेर मिनिस्ट्री अफ हेल्थमा राखिएको छ स्वास्थ्य मन्त्रालयमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय भनेर भन्छौं हामीले । त्यहाँ १०-१० वर्षमा त्यो पपुलेसन सेन्सस् गर्नेदेखि बाहेक जनसङ्ख्याको त्यो कति भए हेड काउन्ट गर्नेदेखि बाहेक अरू कुनै काम अहिलेसम्म त्यो मन्त्रालयले गरेको देखिँदैन । हयुमन रिसोर्स भनेको विशेष गरीकन मानव स्रोत भनेको असाधै ठुलो सम्पत्ति हो । नेपालको लागि त एउटा सम्पत्ति भनेको हाम्रो एग्रो इकोलोजिकल जोन भन्छौं हामीले भौगोलिक बनावटको हिसाबमा हामीसँग तराई मधेश र पहाडका कुरा गर्छौं हामीले हिमालका कुरा गर्छौं हामीले । अर्को भनेको हामीसँग भएको जनसङ्ख्या हामीसँग भएको मानव स्रोत योसँग भएको शक्ति योसँग भएको सीप योसँग भएको ज्ञान त्यही हो हाम्रो स्रोत हाम्रो स्रोतलाई हामीले उपयोग गर्नको लागि चाहिँ पटकै सकेका छैनौं । जहिले पनि हामी विदेश पठाउनको लागि नै सहजीकरण गरिरहेको अवस्था छ । संसारमा अरू देशहरूले विशेष गरेर थाइल्याण्डले पूर्वी एसियाका अरू थुप्रै देशहरूले आयरल्याण्डले अफ्रिकाले जति जति बेला जनसङ्ख्याको बनावाटमा युवाहरूको जमात बढी हुन्छ । त्यति त्यति बेला धेरै प्रगति गरेका छन् ।

प्रगति गर्नेको एउटा उपाय भनेको चाहिँ के रैछ भनेदेखि जनसङ्ख्याको योजना बनाउनुपर्ने रहेछ । जनसङ्ख्या भएको जनसङ्ख्या कहाँ कहाँ छन् । त्यसलाई चाहिँ योजना बनाउने राम्रोसँग चाहिँ वितरण गर्ने, वितरणमा पनि हाम्रो ठुलो समस्या छ । अहिले यसैपालिको जनसङ्ख्या देखाउँदै छ । हामीसँग हिमालमा ३४ जना पर किलोमिटर बस्छन् । पहाडमा १५० भन्दा बढी पर किलोमिटर जनघनत्व छ भने तराईमा ४०० भन्दा बढी हामीसँग जनघनत्व छ भनेपछि यो पनि ब्यालेन्स भा'को छैन । यो पनि ब्यालेन्स गर्नको लागि पनि हाम्रो सरकारको त्यतातिर ध्यानै गा'को छैन र अर्को चाहिँ हामीसँग भएको त्यस्तो राम्रो उमेर समूहको जनसङ्ख्या जो चाहिँ चाडै नै अब वृद्ध बुढ्यौलीतिर जाँदै छ । त्यो जनसङ्ख्याको पनि उपयोग भएको छैन । यो सबै भन्नुको तात्पर्य मेरो के छ भनेदेखि स्वास्थ्य मन्त्रालयले जनसङ्ख्यालाई जति धेरै प्रथामिकतामा राख्नुपर्ने हो त्यति राख्न सकेको छैन । नेपालले विशेष गरीकन नेपाल सरकार र प्रदेश सरकारले यो गर्न पर्ने जरुरी चाहिँ

के छ भनेदेखि छुट्टै मन्त्रालय बनाऊँ । नेपाल सरकारमा छुट्टै एउटा मन्त्रालय जनसङ्ख्या र मानव स्रोत योजनाको छुट्टै एउटा मन्त्रालय बनाऊँ र यो मन्त्रालयले चाहिँ कुन ठाउँमा जनसङ्ख्या पुगेको छैन ।त्यहाँ कसरी जनसङ्ख्या पऱ्याउनको लागि मदत गर्ने फेसिलिटेट गर्ने, सहजीकरण गर्ने र जुन ठाउँमा ओभर क्राउड भा'को छ, बढी जनसङ्ख्या छ । त्यसलाई कसरी घटाउने भन्नेतिर पनि रणनीति बनाओस् र भएको जनसङ्ख्याको विशेष गरीकन उमेर समूह १५ वर्षमाथि ६५ वर्षभन्दा मुनिको उमेर समूहलाई कसरी उपयोग गर्ने विकासमा भन्ने किसिमको योजना बनाओस् भनेर मैले सरकारसँग मागै गर्नको लागि म यहाँ उभिएको हो । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय जग प्रसाद शर्मा । समय चौध मिनेट । त्यसपछि माननीय भगवती न्यौपाने ।

**<u>माननीय श्री जग प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, आजको यो विशेष समय मैले केही दुई तीनओटा विषयवस्तुहरूमा आफ्ना धारणाहरू राख्न गइरहेको छु । सम्माननीय अध्यक्ष महोदय, हाम्रो राष्ट्र नेपाली जनता र हाम्राअगाडि यतिखेर तीनओटा समस्याहरू खाडा छन् । त्यो तीनओटा समस्या केन्द्रित छलफल बहसहरू त्यतिखेर भइरखेका छन् । चाहे ती प्रकृतिका हिसाबले अथवा नेचुरल पैदा भएका समस्या हुन चाहे मानव सृजित समस्याहरू हुन् । यी तीनटा समस्याहरूको बारेमा विभिन्न कोणबाट जोड र कोणकासाथ छलफल बहसहरू भइरहेका छन् । हामी आशावादी बनौं । मैले आशा व्यक्त गर्न चाहन्छु । यो सबै सकारात्मक नकारात्मक ढङ्गले र कोणबाट उठेका छलफल बहसहरूको एउटा सकारात्मक र एउटा आशावादी भरपर्दो र एउटा विश्वास पैदा हुने प्रकारको निस्कर्ष र संश्लेषण हुने छ भन्ने मैले आशा व्यक्त गर्न चाहन्छु । खास गरी तीनओटा समस्याहरू भनेको यतिखेर राजनीतिसँग सम्बन्धित एउटा समस्या जाल्दो बाल्दो रूपमा उठिराखेको छ । चाहे त्यो प्रत्यक्ष होस् चाहे अप्रत्यक्ष होस् । यो सदनमा पनि पटक पटक व्यक्त हुने गर्छ दुइटा "प" को रूपमा एउटा परमादेशी सरकारको रूपमा, एउटा प्रतिगामी शक्तिको रूपमा व्यक्त हुन्छ । स्वाभावैले यो कसैले दुःख मान्ने कुरा होइन । कि यो देशमा प्रतिगमन भयो यो कुरा हामीले स्वीकार्नुपर्छ ।

प्रतिगमनका विरुद्ध एउटा मोर्चा बन्यो त्यो मोर्चाले सडकबाट सदनबाट र सडकबाट र मुख्यतय पछि न्यायालयबाट त्यसका विरुद्ध सङ्घर्ष गर्यो । सङ्घर्ष गरेर एउटा चिज प्राप्त गर्यो त्यो गुम्दै गरेको संविधानको कुरा गुम्दै गरेको परिवर्तनको रक्षा गर्ने कुरा गुम्दै गरेको अधिकारहरूको रक्षा गर्ने कुरामा त्यसले एउटा सफलता प्राप्त गर्यो भलै यसलाई परमादेशी सरकारको रूपमा परिभाषा गर्ने त्यो ढङ्गले जस्तो चित्रित गर्ने मतलब भइराख्या छ, नि निरन्तर छ । यो अझै पनि आउने आवधिक चुनावसम्म यो चलिराख्छ भन्ने कुरा यो बुझ्न सकिन्छ । त्यो चल्दै जाला आफ्नो ठाउँमा तर सही र गलतको कुरा मुख्य हो । के सही के गलत भन्ने कुरा मुख्य हो ।

स्वाभावैले तथ्यहरूले के पुष्टि गर्छन् भने संविधानमा लोकतन्त्रमा संघीयतामा र परिवर्तनका उपलब्धिहरूमा कोइसन उठिसकेपछि स्वाभाविक हिसाबले त्यो सकारात्मक तथा प्रतिगमन अग्रगमनतिरको यात्रा होइन भन्ने कुरा दर्जनौं तथ्यहरूले पचासौं तथ्यहरूले पुष्टि गएर आएको कुरा हो । एकातिर भने अर्कोतिर यो प्रक्रियाबाट त अगाडि बढि नै राखेको थियो स्थिति अहिलेको राजनीति फेरि आज योभन्दा पछाडि गएर हामीले जे उपलब्धि प्राप्त गरेका छौं यही सदनमा मैले बोल्दा पहिल एउटा कुरा उठाएको थिएँ । म त्यो कुरा यहाँ दोहोर्‍याउन चाहन्छु । हामीले संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्त गरेका छौं त्यो संघीय लोकतान्त्रिक गणतन्त्रको पिल्लर अथवा त्यसलाई जन्म दिने भनेको एउटा जनयुद्ध हो । दोस्रो जनआन्दोलन हो । तेस्रो शान्ति विस्तृत प्रक्रिया हो । यी तीनटा पिल्लर हुन् यो प्राप्त उपलब्धिहरूका सायद जनयुद्ध हुँदैन थियो भने सायद जनआन्दोलन ऐतिहासिक ६२/६३ को जनआन्दोलन हुँदैन थियो भने र विस्कृति शन्ति सम्झौता हुँदैन थियो भने यो उपलब्धि हामीले प्राप्त गर्न सक्तैनथ्यौं । राजनीतिक आग्रह पूर्वा आग्रहका कारणले कसैले त्यो जनयुद्धलाई मिनिमाइज गर्न खोज्न, कसैले त्यो जनयुद्धलाई, कसैले जनआन्दोलनलाई र कसैले विस्तृत शान्ति सम्झौतालाई नजरअन्दाज गर्ने अथवा मिनिमाइज गर्ने कुरा उसको आत्मरती त हुन सक्छ । तर त्यो सच्चाइ होइन । अहिले असान्दर्भिक ढङ्गले जनयुद्धको औचित्यमा जनयुद्धमा हतियार उठाउनुको औचित्य के हो भन्ने कोइसन उठाउने कुरा प्रश्नहरू उठाउने कुरा सायद यो नेपाली समाजलाई नेपाली राष्ट्रलाई ठिक ढङ्गले सही ढङ्गले अगाडि बढाउने कुरा यसलाई सही दिशा दिने कुरा हो जस्तो मलाई लाग्दैन ।

अध्यक्ष महोदय, यसले स्वाभाविक हिसाबले एउटा छलफल एउटा बहसमात्र होइन एउटा बहसलाई गलत ढङ्गले अगाडि लैजान्छ र यसले द्वन्द्व निम्त्याउँछ । यसो गर्नु मनासिब हुँदैन । राम्रो हुँदैन यो अर्थमा कि यो प्राप्त उपलब्धि जे भएको छ स्वाभावैले विस्तृत शान्ति सम्झौताका ऐतिहासिक जनआन्दोलनका, त्यो महान जनयुद्धका आफ्ना ठाउँमा सीमा होलान् केही त्यो छुटै पाटो हो । मूलभूत रूपमा यो तीनटा चिजले नै, यो तीनटा पिल्लरमा टेकेर नै यो संघीय लोकतान्त्रिक गणतन्त्र यो संविधान हामीले प्राप्त गरेका हौं । मलाई लाग्छ अहिले पनि, अहले पनि सिङ्गो नेपालीलाई र हामी सबैलाई एक ठाउँमा बाँध्ने एउटा संविधान छ । त्यो ७२ मा जारी गरेको संविधान जुन संविधानले हामी सबैलाई हामी विभिन्न राजनीतिक आस्था राख्ने सबै सबै मान्छेहरूलाई, सबै सबै नेपालीहरूलाई एक ठाउँमा बाँध्छ त्यसले राष्ट्रियता अर्को त्यस्तो चिज हो । जसले सिङ्गो नेपालीलाई एक ठाउँमा बाँध्छ । त्यसको साथसाथै तेस्रो अर्को चिज भनेको समृद्धि यो देशको विकास यो देशको समृद्धि अर्को त्यस्तो चिज हो जसले सिङ्गो नेपालीहरूलाई ठाउँमा बाँध्छ । एकै ठाउँमा एउटै अथवा डोरी एउटै वेमा ल्याउन सक्छ । हामीले सकारात्मक ढङ्गले सोच्दा सायद संविधानमा केही जोड कोणमा हाम्रा विमतिहरू हुने कुरा राष्ट्रियतामा आफ्नो जोड कोणमा हाम्रा परिभाषा जोड कोणमा केही भिन्नता हुने कुरा समृद्धिका मोडलहरूमा हाम्रा बहसहरू कुरा आफ्नो ठाउँमा छ । मूलभूत रूपमा संविधान, राष्ट्रियता र समृद्धि सिङ्गो नेपालीहरूलाई एक ठाउँमा बाँध्ने र एउटै बाटोबाट एउटै ढङ्गले एउटै वेबाट अगाडि बढाउने त्यस्तो एउटा सुत्र हो । जसलाई हामी आधारभूत रूपले फन्डामेन्टल रूपले यसमा विमति राख्न सायद कसैले सक्दैनौं यो अर्थमा हामीले राजनीतिक हिसाबले अहिले खास गरी यो संघीयता कार्यान्वयन गर्ने कुरा परिवर्तनका उपलब्धिहरूलाई ठिक ढङ्गले रक्ष गर्ने यसको संरक्षण गर्ने कुरा विकास गर्ने कुरा हामीले ठिक ढङ्गले समाल्न सकेनौं भने ठिक ढङ्गले यसलाई अगाडि बढाउन सकेनौं भने र यो संविधानमा संविधानलाई कार्यान्वयन गर्नका निम्ति द्रुत गतिमा ऐन, कानुनहरू हामीले बनाउने कुरा जो पूर्ववक्ता माननीय सदस्यहरूले पनि यहाँ उठाउनुभएको छ । त्यो चिजलाई हामीले ठिक ढङ्गले अगाडि लिन सकेनौं भने समस्याहरू पैदा हुन्छन् । यो अर्थमा अहिलेको राजनीतिक समस्या भनेको पछि पर्केर होइन आग्रह पूर्वआग्रह राखेर होइन अगि बढेर अग्रगामी चेतनाले हस्तक्षेप गरेर मात्रै हामीले नेतृत्व गर्न सक्छौं र नेपाली समाजलाई अगाडि लइजान सक्छौं । त्यसकारण राजनीतिक समस्या यतिखेरको भनेको

आग्रह पूर्वआग्रह पछाडि पर्केर सोच्ने प्रतिगामी भएर सोच्ने कि अग्रगामी भएर सोच्ने भन्ने महत्त्वपूर्ण कुरा हो यो अर्थमा म एउटा यो राख्न चाहन्छु ।

दोस्रो यतिखेर अर्थ नीतिसम्बन्धीको समस्या छ । मैले यहाँ के कुरा उठाउन चाहन्छु भने कि नेपालमा विकासको मोडेल अथवा अर्थतन्त्र विकासको सन्दर्भमा धेरै थुप्रै अर्थशास्त्रीय कोणबाट विषयवस्तुहरू उठ्ने छलफल बहसहरू हुने नेपालमा विकासको मोडलका बारेमा जस्तो छलफल बहस हुने कुरा आफ्नो ठाउँमा स्वाभाविक छ तर राजनीतिक आग्रह पूर्वआग्रहका कारणले कि त्यसलाई जस्तो भित्र भाँडभैलो मचाउने त्यसलाई सही दिशा दिएर अगाडि बढाउन नसक्ने प्रकारका समस्याहरू पनि हामी कहाँ छन् भन्ने लाग्छ । खास गरी मैले यतिखेर अर्थतन्त्रसम्बन्धी अथवा अर्थनीतिमा देखापरेको समस्यासम्बन्धी कि नकारात्मक भाव नकारात्मक सोच र नकारात्मक संस्कार अलि बढी सतहमा आउने गरेको देखिन्छ धेरै मान्छेहरू यतिखेर भन्ने गर्छन् । या त्यो सचेत बनाउने कुरा सजक बनाउने कुरा सतर्क बनाउने कोण र त्यो जोन त्यो भाव र त्यो स्पिडबाट राख्ने नेपाल श्रीलङ्का हुँदै छ भन्ने ढङ्गले राख्ने कुरा त्यो स्वागतयोग्य कुरा छ । त्यता जान दिन हुन्न त्योबाट सचेत हुनुपर्छ र सतर्क हुनुपर्छ भन्ने कुरा सही छ । तर यो नेपाल आजै श्रीलङ्का बन्दै छ । भोलि पनि श्रीलङ्का बन्दै छ र पर्सि श्रीलङ्का बन्दै छ भनेर श्रीलङ्कै बनाउने ध्याउनमा लागेका लाग्ने एउटा प्रवृति नेपालमा जो देखिने गर्छ राजनीतिक पार्टीका कतिपय नेताहरू कतिपय मान्छेहरू कतिपय आफूलाई अर्थशास्त्री भन्ने मान्छेहरू जो ढङ्गले आइराखेका छन् । यो नकारात्मक सोच हो भन्ने म आफूलाई लाग्छ । तर त्यसले घटना क्रमले के पुष्टि गर्छ अथवा तथ्यहरूले के कुरा देखाउँछ भने मैले यहाँ केही तथ्यहरू राख्न चाहन्छु कि हामी श्रीलङ्काका जस्तो आर्थिक मोडल अथवा त्यहाँको सङ्कट जुन ढङ्गले आयो सङ्कटको स्वरूप र आर्थिक स्वरूपमा केही समानता जरुर हुन सक्छ । सङ्कटको स्वरूप भनेको नेपाल र श्रीलङ्काको एउटै हो भन्ने मलाई लाग्दैन । किनकि हामी यहाँ कृषिमा आधारित भलै त्यसलाई समयमा विकास गर्न सकेनौं कृषिमा आधारित हो । यो उर्जामा आधारित हो यहाँको उद्योगधन्दा कलकारखानामा आधारित बनाउने एउटा स्प्रिडमा हामी नेपाल जो ढङ्गले अगाडि जान खोजिराखेका छौं । श्रीलङ्कासँग कैयौं कुरा यो कुरा मिल्दैन सङ्कटको स्वरूप ब्याकग्राउन्ड प्रिष्ठभूमि हेर्दाखेरि पनि जस्ता श्रीलङ्कासँग नेपाल तुलना हुन्छ भन्ने कुरा मलाई लाग्दैन ।

अहिले हेर्दा छोटो समयका केही दुई चारओटा (यहाँ समय छैन ।) दुई चारओटा तथ्यमात्रै राख्दा अब यो वर्ष आउने वर्षमा मात्रै ६३४ मेगावाट विद्युत् भारतलाई दिन किनकि हामीलाई थाहा छ । वर्षा याममा नेपालमा थुप्रो विद्युत् हुन्छ पछि जाँदा त्यो विद्युत् कम हुन्छ । त्यसैले यो बढी विद्युत् खेर जाने कुरालाई मध्यनजर गरेर भारतलाई बेच्ने जो ढङ्गको सम्झौता भएको छ । आगामी एक वर्ष, दुई वर्षभित्र १६०० मेगावाट भारतले लिने र किन्ने एउटा सम्झौता भइसकेको छ । यो अर्थमा अहिले ३६४ मेगावाट भारतले अहिले लिइराखेको छ यो आफैमा जस्तो सकारात्मक कुरा हो । एउटा कुरा ।

दोस्रो कुराः हामीले प्रारभिक रूपमा यसो देखेका छौं सिमेन्ट निर्यात हुन सुरु गरेको छ । त्यस्तै जडीबुटीहरू निर्यात हुन सुरु गरेका छन् । नेपालको एउटा महत्त्वपूर्ण जडीबुटीकै रूप हो एउटा यार्सागुम्बा ठुलोमात्रमा जस्तो निर्यात भइराखेको छ र यो मात्रा एकपछि अर्को बढिराखेकै देखिन्छ । लेबरको सङ्ख्या घाटे पनि म्यानपावरका हिसाबले जस्तो यो बढिराखेकै देखिन्छ । आजसम्म आउँदा डलर सिञ्चितिको हिसाबले पनि जस्तो यही महिनाको मात्र, अगिल्लो महिनाको मात्रै ३० करोड बढेको यो देखिन्छ । यो तथ्य पनि एकातिर हेर्न सकिन्छ भने त्यसको साथसाथै अर्कोतिर पुराना इन्धनवाला गाडीहरू किन्ने जस्तो यो वर्षलाई बन्द गरिसकेपछि विद्युतीय गाडीहरू किन्ने कुराले पनि के गर्छ भन्दाखेरि अहिलेको यो समस्यालाई हल गर्ने । समस्यालाई कम गर्ने सङ्कटलाई जस्तो टार्नको निम्ति जस्तो एउटा सकारात्मक हुन सक्छ । त्यस्तै कृषि, कृषि फेरि पनि कृषि जो नीति लिएको छ राज्यले र उद्योगधन्दा हजारौंको सङ्ख्यामा सयौंको सङ्ख्यामा उद्योगधन्दाहरूलाई जस्तो प्रोत्साहित गरेर जाने कुरा यो नीतिले स्वाभाविक रूपमा नेपालको अर्थनीति नयाँ ढङ्गले अगाडि बढ्ने कुरा यी तथ्यहरूले देखाउँछ र यहा थुप्रै माननीय सदस्यहरूले कैयौं बेला उठाउन चाहनुहुन्छ उठाउने गर्नुहुन्छ ।

मैले एउटा तथ्य राख्न चाहन्छु कि नेपालको सायद यो ७७ को पौष मङ्सिरमा आइपुग्दा ७८ को मङ्सिर आइपुग्दा हामीसँग सिञ्चित झन्डै १५ अरब १४.७४ भनेको झन्डै १५ अरब हामीसँग सञ्चित थियो र वस्तु र सेवाका हिसाबले त्यसको १३ मा १३ दशमलव सम्थिङ हामीसँग थियो जब पुषमा मतलब जस्तो यहाँ प्रतिगमन गरियो त्यो पुषदेखि असार साउनमा आइपुग्दा त्यो कतिमा आइपुगेको छ । साउन, असार, साउनमा आइपुग्दा भनेखेरि त्यो झन्डै पन्ध्र अरबको सञ्चिति तेह्र अरबमा मात्रै झारेको छ र यता ८ दशमलव

सम्थिङमा आइपुगेको छ र अस्ति वैशाख जेष्ठमा आइपुग्दा यो ७९ को वैशाख जेठसम्म आइपुग्दाखेरि पनि झन्डै झन्डै जस्तो ११.४६ भनेको जस्तो साढे ११ अरब सञ्चिति छ । वस्तु र सेवाका हिसाबले जस्तो यो ७ दशमलव सम्थिङ छ । यसले स्वाभिक रूपमा यसको कारण छ । त्यो आठबाट सातमा किन आइपुग्यो ? अहिले अर्थतन्त्र सखाबै भो' धोस्तै भो' भन्ने ढङ्गले जस्तो कैयौं मान्छेहरू यो उठाउने गर्छन् । यसका पछाडि र एउटा मेजर कारण छ त्यो कारण भनेको रुस-युक्रेनको युद्धले नेपालमा जो ढङ्गको मार हान्यो त्यसका कारणले जस्तो आठबाट घटेर छमा आ'को हो र यो तथ्यले पनि जस्तो यो पुष्टि गर्छ भन्ने कुरा लाग्छ ।

सम्माननीय अध्यक्ष महोदय, म एक मिनेट थाप्न चाहन्छु । मेरो एउटा विषय बाँकी छ । यो तथ्यले यो कुरा पुष्टि गर्दछ । यो अर्थमा मैले के भन्न चाहन्छु भने नेपालको अर्थतन्त्रमा मुख्य बरू समस्या भ्रष्टाचार र कमिसनको समस्या हो । यो हिजो रणा शासनमा धेरै थियो । पञ्चायतमा धेरै थियो हिजो बहुदल कालमा पनि धेरै थियो । हिजो धेरै थियो ७४ यता आउँदा यो पाँच वर्षमा गएको ४ वर्षमा बढी थियो भ्रष्टाचार र कमिसन कि यो यताको एक वर्षमा आउँथ्यो यो यसको एउटा स्वतन्त्र छानबिन होला । छानबिन गर्नु नै पर्छ स्वाभाविक हिसाबले एउटा नैतिक हिसाबले मूल्य मान्यताका आधारमा मात्रै जस्तो हामी अगाडि बढ्न सक्छौं । र मूल्य मान्यताको जगमा मात्रै राष्ट्र र देशलाई हामीले बनाउन सक्छौं त्योभन्दा बाहिरबाट हामीले बनाउन सक्दैनौं । त्यो कुरा सही नै हो यो समस्या एउटा क्यान्सर जस्तै समस्या हो । यो एउटा साझा समस्या हो । त्यसैले धनी गरिब देशका धनी नेता । गरिब देशका धनी शासक हुने कुरा आफैमा लाज मर्दो र आफैमा हिनता बोध गर्ने कुरा हो । यो संस्कार स्थापित नगरीकन हामीले राष्ट्र र यो देश बनाउन सक्दैनौं भन्ने कुरा पनि राख्न चाहन्छु र तेस्रो एउटा संस्कार नैतिकताको समस्या मैले यहा चर्चा गर्न खाजेको थिएँ । कि हामीले एउटा उच्च प्रकारको संस्कार उच्च प्रकारको नैतिकताबिना हामीले राष्ट्र बनाउन सक्दैनौं हामी यो तह यो गरिमामय ठाउँ र स्थानबाट हामीले त्यसको एउटा बहस छलफल गरेर सिङ्गो उसलाई एउटा सकारात्मक प्रेरणा दिने र शिक्षा दिने ढङ्गले हामीले बहसलाई अगाडि बढाउन सकेनौं भने हामीले राष्ट्र बनाउन सक्दैनौं भन्ने कुरा राख्न चाहन्छु र यी समस्याहरूलाई समाधान गर्नका निम्ति कम्तीमा जननिर्वाचित प्रतिनिधिहरू माननीय सदस्यहरूले बिना आग्रह पूर्वआग्रह उचाइबाट नयाँ खोज अध्ययन

अनुसन्धानका निष्कर्षसहित एउटा सकारात्मक प्रेरणा दिने ढङ्गले नै हाम्रो बहस अगाडि बढोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय भगवती न्यौपाने । समय आठ मिनेट । त्यसपछि माननीय जितेन्द्र नारायण देव ।

**<u>माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, मलाई सरकारको टिप्पणी गर्न, विरोध गर्न, आलोचना गर्न नपरे हुन्थ्यो भन्ने लाग्ने गर्दछ । तर अहिले सरकार सञ्चालनको तरिका हेर्दैगर्दाखेरि बाध्य भइन्छ बोल्नलाई सरकारको आलोचना गर्नलाई बाध्य बनाउँछ सरकारले । अहिले प्रदेश सरकारहरूको सञ्चालनको तरिका हेर्दैगर्दा नेपालीहरू जनताहरूमा धेरै ठुलो फ्रस्टेसन छ । संघीयताप्रतिको प्रश्न उठाउन थालेका छन् । संघीयताप्रति आशङ्का व्यक्त गर्न थालेका छन् । भो' संघीयता भन्न थालेका छन् । नकारात्मक मनोविज्ञान सृजना हुन थालेको छ । आज व्यापक रूपमा आलोचना भइरहेको छ । त्यसतर्फ ध्यान दिन पर्ने हो कि होइन ? पाँच दलीय गठबन्धनले, अहिलेको सरकारले । यस्तो नकारात्मक मनोविज्ञान किन भइरहेको छ । जनताले संघीयताप्रति किन विरोध गरिरहेका छन् भन्ने विषयमा चासो दिन पर्ने हो कि होइन ? म गण्डकी प्रदेशको एउटा नागरिक पनि हो । गण्डकी प्रदेशबाट निर्वाचित भएको राष्ट्रिय सभाको सदस्य पनि हो आज गण्डकी प्रदेशको सरकारप्रति धेरैले औंला उठाएका छन् । धेरैले प्रश्न उठाएका छन् । आज सामाजिक सञ्जाल रङ्गिएको छ । धेरै विरोध भएको छ । त्यहाँ बजेट कसरी विनियोजन गरिएको छ । मुख्यमन्त्रीदेखि लिएर मन्त्रीहरूले त्यस्तै गरेर प्रदेशसभाका सदस्यहरूले आफ्नो दिवङ्गत भएका बुवा आमाको नाममा ट्रस्ट बनाउन आफ्नो दिवङ्गत आमाबुवाको नाममा स्मृति पार्कहरू बनाउन, स्मृति कोष निर्माण गर्नको निम्ति निकै ठुलो बजेट विनियोजन गरिएको छ । सांसदहरूले आफ्नो दिवाङ्गत जेठाजुको नाममा प्रत्येक पाँच दलले नै सबै सांसदहरूले भाग बन्डा गरेर कसैले आफ्नो जेठाजुको नाममा कसैले आफैले चलाएको व्यक्तिगत संस्थालाई ठुलो बजेट छुट्टाएर विकास निर्माणमा विकास आयोजनामा खर्च गर्नुपर्ने बजेटलाई छुटयाउनुपर्ने बजेटलाई आज त्यसरी विनियोजन गरिएको छ । धेरै ठुलो व्यापक रूपमा चाहिँ विरोध भइरहेको छ । आज मुख्यमन्त्रीज्यूले आफ्नो

दिवङ्गत बुवाको नाममा स्मृति कोष निर्माण गर्नका निम्ति भनेर ५० लाख रुपियाँ बजेट विनियोजन गर्नुभएको छ । काँग्रेस नेताहरूको नाम बुवाको नाममा दिवङ्गत बुवाको नाममा बजेट छुट्याइएको छ । काँग्रेस नेताको दिवङ्गत ससुराको नाममा बजेट छुट्याइएको छ । त्यसैले गर्दा त्यो संघीयता के का निम्ति भनेर जनताले प्रश्न गर्न थालेका छन् । वास्तवमा जनताले हेर्ने पाटो भनेको सैद्धान्तिक पाटोबाट धेरै हर्ने गर्दैनन्। सैद्धान्तिक पाटोबाट जनताले धेरै विश्लेषण गर्दैनन् । जनताले विश्लेषण गर्ने भनेको व्यवहार हेर्छन् । जब व्यवहारमा त्रुटि देख्छन् । त्यसपछि जनता दिक्क हुन्छन् । त्यसैले आज संघीयताप्रति प्रश्न त्यसकारणले उठेको छ ।

आज हिजो होस् प्रदेशका सरकारहरू थिए । ती सरकारहरूलाई परिवर्तन गरेर मन्त्रीहरू सोह्र जना, सात जना मन्त्रीहरूले काम चलाए प्रदेशहरू आज ती प्रदेशहरू कसरी चलाएका थिए । कसरी सरकार सञ्चालन भएको थियो त्यही गण्डकी प्रदेशमा पृथ्वी सुब्बा गुरुङ्ग नेतृत्वको प्रदेश सरकारले जनतामा आशा जगाएको थियो । समृद्धिको अभियान अगाडि बढाएको थियो । एक घर एक खाने पानी जस्ता अभियानहरू सञ्चालन गरेको थियो । भौतिक पूर्वाधार विकासको सन्दर्भमा पर्यटकीय विकासको सवालमा थुप्रै विकासका सवालहरूमा शैक्षिक उन्नयन गर्ने सन्दर्भमा त्यहा धेरै आशा जगाउने भरोसा दिलाउने काम गरेको थियो तर आज त्यो सरकार ढालेर कस्ता कामहरू गरिएको छ ? हामी त्यहाँ जाँदा जनताले प्रश्न गर्ने गर्छन् । धेरै खुद्रे बजेटहरू यद्यपि त्यो केन्द्रमा पनि छ । त्यस्ता बजेटहरू विनियोजन गरिएको छ । हिजो विगतका सरकारले अगाडि बढाएका योजनाहरूलाई कटौती गरेर आज त्यस्ता खालका योजनाहरू कुनै वडामा जो सांसद छन् गठबन्धनका त्यहाँ तिस करोडसम्म बजेट विनियोजन गरिएको छ । जहाँ छैनन् त्यहा एउटा वडामा एक रुपियाँ बजेटसमेत पनि विनियोजन गरिएको छैन । त्यसैले संघीयता भनेको बाँढेर खानका निम्ति हो देशको स्रोत र साधनलाई दोहन गर्नका निम्ति हो । भनेर प्रश्न उठाएका छन् जनताले । त्यसैले आज मन्त्रीहरू पन्ध्र सोह्र जनासम्म मन्त्रीहरू बनाइएको छ । झ्यालैपिच्छे एउटा मन्त्रालयमा एउटा बिल्डिङ झ्यालैपिच्छे मन्त्रालयहरू बनाइएको छ र त्यो मन्त्रालय किन बनाइएको छ । किन थपिएको छ । मन्त्रीहरूको सङ्ख्या किन थपिएको छ । विगतका योजनाहरूलाई समेत कटौती गरेर अनि के का निम्ति भनेर जनताले प्रश्न गर्छन् । मिडियाकर्मीहरूले प्रश्न गर्छन् । प्रतिपक्षले प्रश्न गर्छ, नागरिक

समाजले प्रश्न गर्छ, उत्तर एउटै हुन्छ गठबन्धन टिकाउनका निम्ति । जब देश निर्माणका निम्ति आवश्यक नपर्ने गठबन्धन देशको निम्ति देशको हितको निम्ति नहुने गठबन्धन त्यो गठबन्धन केका निम्ति ? त्यो सरकार के का निम्ति ? जब जनताका निम्ति काम लाग्दैन भने आफ्नो जीवनमा जनताले संघीयता अहिले आफ्नो जीवनमा खोजेका छन् । अहिले जनताले संघीयता समाजको जीवनमा त्यसले समृद्धि दिन सक्छ कि सक्तैन समृद्ध जीवन बनाउन सक्छ कि सक्तैन भनेर संघीयतालाई हेरिरहेका छन् । तर आज यसरी देशको दोहन गर्नका निम्ति पालैपालो मन्त्री हुनेका निम्ति अब छ महिनाका निम्ति हो तिमी मन्त्री भएको मुख्यमन्त्री भएको अब मेरो पालो हो । छोडिदेऊ म हुने हो अब भनेर भन्न सुरु गरिन्छ । अनि मन्त्री किन फेर्नुपर्यो ६/६ महिनामा मन्त्री किन फेर्नुपर्यो ? मुख्यमन्त्री किन फेर्नुपर्यो ? हस्ताक्षर सङ्कलन गरेर पनि अब छोड्देऊ अब छोडेनौं भने हस्ताक्षर गरेर तिमीलाई हटाउँछु भनेर भनिन्छ । केका निम्ति भनेर भन्दाखेरि पालैपालो हुनुपर्यो गठबन्धन जोगाउनु छ । अनि यो देशको दोहन गर्न त्यो गठबन्धन किन जोगाउनुपर्ने आज प्रश्न यही गरेका छन् जनताले ।

त्यसैले अति होइन अत्यचार भएको छ । इन अफ इज इन अफ त्यसैले अहिले जनताले अब यो गठबन्धन केका निम्ति भनेर प्रश्न गरिरहेका छन् । देशलाई बर्बाद गर्न ? देशलाई दोहन गर्न गठबन्धन ? अनि भन्ने गर्छ गठबन्धनका नेताहरूले भन्ने गर्नुहुन्छ तपाईंहरूले ठिक गर्नुभएको छ ? देश बर्बाद भइसक्यो देशको अर्थतन्त्र बर्बाद भइसक्यो देश श्रीलङ्कातिर जान लाइसक्यो । यो कुनै आतङ्कित बनाउनुको निम्ति होइन सचेत गराउनको निम्ति भनेको हो तपाईंहरूले ठिक गर्नुभएको छ ? अहिलेको प्रधानमन्त्री तपाईंको विगत राम्रो थिएन तपाईंको इतिहास राम्रो थिएन, (एक मिनेटमात्रै) तपाईंको इतिहास ।

(सम्माननीय अध्यक्षज्यू, म एक मिनेटमात्रै मलाई थप दिनुहोला) तपाईंको इतिहास राम्रो थिएन तर तपाईंले वर्तमान पनि सुखद भएन । तपाईंबाट उज्यालो भविष्यको परिकल्पना गर्न सकिँदैन त्यसैले अब तपाईंको वहिरगमन जरुरी छ । यो आवश्यक भयो अब परिस्थितिले माग्यो अब त भन्नुपर्ने बेला भइसक्यो जनतालाई पनि आह्वान गर्ने बेला भइसक्यो जनता तपाईंहरूको त्यागले तपाईंहरूको समर्पणले यो जब व्यवस्था बदाल्नका निम्ति इतिहासका काल खण्डहरूमा जब देशलाई अप्ठ्यरो पर्छ जब देशलाई सङ्कट पर्छ । तपाईंहरूले योगदान गर्नुहुन्छ फेरि योगदान गर्ने बेला भयो अब जनतालाई यही सम्मानित

सदनबाट आह्वान गर्छु तपाईंहरूको योगदानको आवश्यकता भयो देश बर्बाद हुन लाइसक्यो त्यसैले यो गठबन्धन देशका निम्ति घातक छ । अहिलेको सरकार देशका निम्ति घातक छ । त्यसैले तपाईंहरू जाग्नुपर्ने बेला भयो । तपाईंहरू उठ्नुपर्ने बेला भयो ।

अगि श्रीलङ्काजस्तो देश किन हुन खोज्दै छ भनेर विदेशी मुद्रा सञ्चितिको कुरा गर्दै गर्दा हिजो के.पी. ओलीले सरकार छोडेको दिन तेह्र महिनालाई पुग्ने थियो । आज पाँच महिनालाई पुग्ने छ । आजका पत्रपत्रिका हेरौं आज एउटा पत्रिकाले लेखेको थियो । ६० अर्ब, यो चालु आर्थिक वर्षमा ६० अर्ब विदेशमा पढ्न जाने अध्ययनका निम्ति जाने विद्यार्थीहरूबाट बाहिरिएको छ ६० अर्ब । हिजो प्रतिनिधि सभामा पनि कुरा उठ्यो हतियार खरिदका निम्ति भनेर इटलीबाट हतियार खरिद गर्नका निम्ति भनेर गोली गाठ्ठा खरिद गर्नका निम्ति भनेर झन्डै एक अर्बजति चाहिँ लगानी गर्दै छ । यो सरकारले भनेर अहिले काम एकातिर आवश्यकता एकातिर देशको अर्थतन्त्र जोखिमतिर जाँदै छ । अनि यो सरकारको ध्यान कता छ ? बिचौलियासँग मिलेर कमिसन खानतिर छ ध्यान यो सरकारको ध्यान कहाँ छ ? कहाँबाट भ्रष्टाचार गर्न सकिन्छ कहाँबाट पैसा कमाउन सकिन्छ भन्नेतिर मात्रै ध्यान छ । व्यापार घाटा आज थेग्नै नसक्ने गरी १५ खर्ब ७७ अर्ब ३३ करोड अहिले यो चालु आर्थिक वर्षमा व्यापार घाटा छ । त्यो भनेको २५ प्रतिशतले बढेको छ । (**सम्माननीय अध्यक्षः**- माननीय सदस्यज्यू समय सकियो ।) मूल्य वृद्धि ५.५६ प्रतिशतले मूल्य वृद्धि बढेको छ । त्यसैले यतातिर चिन्ता गर्नुपर्छ कि पर्दैन ? त्यसैले मैले यो विषयमा आफ्ना धारणाहरू राख्दै आफ्नो भनाइहरू अन्त्य गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय जितेन्द्र नारायण देव र समय दस मिनेट ।

**माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्ष महोदय, विगत केही दिनदेखि मैले यो गरिमामय सदनमा बोल्दाखेरि सन्दर्भबस कहिलेकहीँ श्रीलङ्काका बारेमा दृष्टान्त पेस गर्ने गरेको थिएँ । तर मेरा ती सन्दर्भबस ल्याइएका विषय आज कित महत्त्वपूर्ण हुन ग'को छ । कति सन्दर्भिक हुन ग'को छ । कति आवश्यक हुन ग'को छ । त्यो विगत २/३ देखि जब हामी टेलिभिजन हेर्छौं । जब हामी रेडियो सुन्छौं । त्यति बेला हामी त्यो कुरा महसुस गरिराखेका छौं, त्यो ध्यानाकर्षण एकदम सही थियो । त्यो

ध्यानाकर्षण अहिलेको सरकारलाई मात्र होइन हिजो ओम्नी प्रकरण गरेका सरकार पनि गोकर्ण प्रकरण गरेका सरकारलाई पनि त्यतिकै महत्त्वपूर्ण छ । आज कसैले कराएर अहिलेको सरकार यस्तो भो', उस्तो भो' भनेर मात्रै भनेर देशलाई सेवा हुँदैन । आफूलाई त तुष्टि हुन्छ तुष्टीकारणको लागि बोल्न त मलाई केही भन्नु छैन । तर के भन्दाखेरि जे जति नराम्रो गरियो यो सरकारले गर्यो । शेरबहादुर देउवाको सरकारले गर्यो । जे जति राम्रो गर्यो त्यो के.पी. ओलीको सरकारले गर्यो भनेर यो भन्ने हो भने अब त्यसमा मलाई भन्नु केही छैन फ्यक्ट चाहिँ त्यो होइन देशको अगाडिको जुन चुनौती छ, जुन खत्रा मडाडिराखिएको छ । सिङ्गो मुलुकको अगाडि अहिलेको अन्तर्राष्ट्रिय परिवेशले गर्दा र मुलुकै आन्तरिक कारणहरूले गर्दा जे चुनौती जुन अगाडि आएको त्यसलाई हामीले सामना गर्नुपर्दैन यदि त्यो । मानसिकताबाट आजदेखि तपाईंहरू मुक्त हुनुस् ।

महेन्द्र राजा पक्षले अत्याधिक टु/थर्ड मेजोरिटीको सरकार बनाएको थियो । के.पी. ओलीको सरकार जस्तो टु/थर्ड मेजोरिटीको सरकार महेन्द्र राजा पक्षको आज नेभेन बेसमा त्यहाँ नेभी सैनिक आड्डामा लुक्नुपरिराखेको गणितले केही काम लाग्दैन जनता कब्जा गरिसक्यो राष्ट्रिपति भवनलाई हामीले देखिराख्या छौं । जनविद्रोह के हो हामीले जनयुद्धको बेलामा महाजनआन्दोलनको बेलामा, मधेस आन्दोलनको बेलामा, थारु आन्दोलनको बेलामा लगायत आन्दोलनहरूको बालेमा देखेका थियौं । तर त्योभन्दा पनि हामीले त कुनै राजदरबार कब्जा गरेका थिएनौं । राजदरबार पनि कब्जा हुँदो रहेछ । राष्ट्रपतिको दरबार पनि कब्जा हुँदो रहेछ । विद्रोह त्यो स्वरूप हामीले नेपालीहरूले पनि हेर्नुपर्ने हो । त्यसकारण यो चुनौती अहिलेको सरकारको लागि मात्र होइन । यो शेरबहादुरजीलाई मात्रै गाली गरेर अहिलेको सरकारलाई मात्रै गाली गरेर समस्याको समाधान भो' भनेर कुनै प्रतिपक्षका साथीहरूले यो कुरा सोच्नुहुन्छ भने त्यो अत्यन्त गलत मानसिकता हुन्छ । त्यो अत्यन्त गलत निष्कर्ष हुन्छ । यो म एकदम सालिन भाषामा यो आग्रह गर्न चाहन्छु सम्माननीय अध्यक्षज्यूमार्फत के किन ? के कारणले श्रीलङ्का त्यहाँ पुग्यो नेपाल त्यहाँ पुग्या छैन । म एउटा अर्थशास्त्र विद्यार्थीको नाताले, राजनीतिकको पनि विद्यार्थीको नाताले म यो कुरामा ढुक्क छु कि नेपाल त्यतातिर गइराखेको छैन । कुनै पनि अर्थशास्त्रीसँग, कुनै पनि नेताहरूसँग बुद्धिजिवीहरूसँग छलफल गर्न तयार छु । सम्माननीय अध्यक्ष महोदय, नेपाल त्यतातिर गइराखेको छैन ।

हिजो हिजै नेपाल राष्ट्रिय बैङ्कले जुन आर्थिक तथ्याङ्कहरू जुन सार्वजनिक गरेको छ, त्यसले पनि इन्कोरेजिङ ट्रेन्डहरूलाई देखाएको छ । हिजोको मात्रै जो आजको पेपरहरू आएको छ त्यो हामी सबैलाई थाहा भएको कुरा हो । तर के भन्दाखेरि सतर्कताको जरुरी छ । हामी कसैले कोभिडलाई मात्रै कारण देखाएर या रसिया र युक्रेनको वारलाई युद्धलाई मात्रै कारण देखाएर पन्छिन खोज्यौं भने त्यो मुर्खता हुन्छ । त्यो देशको प्रति गद्दारी बइमानी हुन्छ । विश्वासघात हुन्छ मुलुक दुर्घटनामा जान्छ । त्यसकारणले सिक्नुपर्ने कुरा श्रीलङ्काबाट के सिक्ने that is important श्रीलङ्काबाट सिक्नुपरेको छ र के सिक्ने त्यो चाहिँ नेपालको लागि आवश्यक छ । त्यो शेरबहादुर देउवाज्यूको लागि पनि आवश्यक छ । त्यो पूर्वप्रधानमन्त्री के.पी. ओलीलाई पनि आवश्यक छ । त्यो शेरबहादुर देउवाज्यूलाई मात्रै आवश्यक छैन । त्यो प्रचण्डको लागि मात्रै आवश्यक छैन ।

आज हामी चर्चा गर्दै छौं बीआरआई, बीआरआई, बीआरआई प्रोजेक्टको चर्चा गर्दै छौं ऋणको बारेमा हामी चर्चा गर्दै छौं । श्रीलङ्काले श्रीलङ्काको रङ इकोनोमिक पोलिसिजहरूले श्रीलङ्काको गलत आर्थिक नीतिहरूले गर्दा र यो दुई वर्षको कारणले मात्रै होइन । कोभिड यता र यो मैले त्यो वारले गर्दा मात्र होइन । निरन्तरको दुई दशकको श्रीलङ्काको रङ इकोनोमिक पोलिसिजले गर्दाखेरि श्रीलङ्काको आम व्याप्त, देश व्यापी भ्रष्टाचार र सरकारको मिस म्यानेजमेन्टले गर्दाखेरि र कमिसनतन्त्र परिवारवादले गर्दाखेरि यो पोलिटिलक इकोनोमी मिक्स छ । Wrong economic policies supported by mismanagement supported by corruption supported कमिसनतन्त्र जसलाई नेपाली भाषामा दलाल पुँजीवाद भन्ने गरिन्छ । खोज्नुपर्यो आज नेपलाको कुन नेताहरूको अगाडि कुन कमिसन एजेन्टले घेराबन्दी गरेको छ । दस वर्षको इतिहास निकाल्नुपर्यो । खालि एक वर्षको मात्रै निकालेर पुग्दैन । त्यसले तपाईंले सही निष्कर्षमा जानुहुन्न । त्यसकारणले ऋणको बारेमा नेपालले कस्ता किसिमको ऋण लिने कस्ता किसिमको ऋण नलिने यसबारेमा बहस नेपालभित्र हुनुपर्यो अर्थशास्त्रीहरूको बिचमा राज्य सञ्चालकहरूको बिचमा Major Political Forces हरूको बिचमा डेथ पोलिसीको बारेमा नेपालमा चाहिँ डिस्कसन हुनुपर्यो त्यो चाहिँ श्रीलङ्काको त्यो हम्मन टो६ पोर्ट बन्दरगाहा बनाउन जरुरी थियो कि थिएन ? चाइनाको ऋण लिएर आज साबित भयो आज साबित भयो । कि चाइनाको ऋण लिएर जुन हम्मन टोटा पोर्ट बनाए श्रीलङ्का that was blander यो सरकारले गल्ती गर्यो । रङ

इकोनोमी पोलिसिज थियो । श्रीलङ्काको, चाइनाको ऋण लिएर जसरी महेन्द्र राजा पक्षले आफ्नो निर्वाचन क्षेत्रमा दोस्रो इन्टरनेस्नल एयारपोर्ट बनायो that was wrong त्यो ब्लन्डर थियो । त्यो पुष्टि भयो यो इकोनोमिक पोलिसिज जसले गर्दाखेरि 51 billion US dollar ऋणमा चाहिँ नेपाल क्यारे श्रीलङ्का फसिरखेको छ । त्यसकारण नेपालले हामी बीआरआई भनेर हुरुक्क हुने एमसीसी भएर एकदम विरोध गर्न थाल्ने होइन । चाहे त्यो एमसीसी होस् चाहे बीआरआई कुरा होस्, चाहे त्यो भारतबाट ल्याउने ऋणको कुरा होस् । अन्य कुनै पनि डोनर एजेन्सीहरूबाट या Bilateral Trilateral भोलि ऋण लिने कुरा सङ्घ संस्थाहरूसँग देशहरूसँग नेपालले ऋण लिने हो भने के कस्तो ऋण लिने ? कुन प्रोजेक्टमा लगाउने त्यो प्रोजेक्टको ..... के छ ? त्यहाबाट रिटन आउँछ कि आउँदैन ? ऋण लियो खाँदै गर्यो, ऋण लियो खाँदै गर्यो । त्यसले गर्दाखेरि श्रीलङ्काको हालत हुनुको पछाडि एउटा डेटसम्बन्धी पोलिसी टोटल्ली रङ कुनै खास एउटा मित्र राष्ट्रलाई खुसी पार्नको लागि र आफ्नो परिवारवादमा भ्रष्टाचारलाई बढावा दिनको लागि आफ्नो परिवारलाई पाल्नको लागि आफ्नो क्लिपलाई एउटा पोलिटिकल क्लिप भन्छु म बहुत खराब शब्द हो यो । तर पोलिटिक्समा यो युज हुँदो रहेछ एउटा नेक्ससलाई एउटा क्लिकलाई चाहिँ पाल्नको लागि श्रीलङ्का सरकारले त्यो डेट पोलिसिमा गयो त्यसले गर्दाखेरि श्रीलङ्काको यो अवस्था हुन गएको छ । त्यसकारण हामीले पनि एउटा नयाँ एउटा शिक्षा त्यहाँबाट लिनुपर्ने हुन्छ । कृषिको सन्दर्भमा श्रीलङ्काले के गर्यो ? ट्रेडिसनल जुन मलखाद उत्पादन गरेर त्यहाँका कृषिकहरूले उत्पादन गर्थे । ठ्याक्कै चाहिँ बजेट भाषणबाट त्यसलाई राष्ट्रपतिको अर्डिनेन्सबाट आदेशबाट पाउँदैन मलखाद्य आयात गर्न पाइँदैन सबै चाहिँ त्यो यो युरिया या डीपीए मल हुँदैन । क्यामिकल फटिलाइजर हुँदैन । अन्ग्यानिकमा जाऊ भन्दियो । न अन्ग्यानिक ड्याभ्लेप हुन सक्यो । न बाहिरबाट मल आयो युरिया एग्रिकल्चर चौपट भएर गयो । पब्लिक हेर्नुस् हई नेपालको सन्दर्भमा कति महत्त्वपूर्ण छ । केही व्यापारिक घरानालाई खुसी पार्नके लागि कति सन्दर्भिक छ । केही व्यापारिक घरानालाई खुसी पर्नेको लागि डाइरेक्ट इनकम ट्यास र डाइरेक्ट ट्यासलाई घटाइदियो श्रीलङ्का सरकारले । त्यसले गर्दाखेरि पब्लिक रेभेन्यू समाप्त भइसक्यो रेभेन्यू खतम भाइगयो त्यसकारण हामीले सोसल सेकुरिटिजका कस्ता मोडयालिटीमा जाने पब्लिक रेभेन्यूलाई कसरी इन्क्रिज गर्ने सरकारको ढुकुटी रितियो भने भोलि आवस्था त्यही हुन्छ । एउटा मेडिसिन हामी इम्पोर्ट गर्न सक्दैनौं अवस्था हुँदैन फुड मेडिसिन पेट्रोलियम पदार्थ यो सारा हामी इम्पोट गरेर ल्याइराख्या छौं । त्यसकारण हामीले

श्रीलङ्काबाट सिक्ने विप्रेसनलाई, रेमिटेन्सलाई नेपालजस्तै श्रीलङ्का पनि एउटा रेमिटेन्स इकोनोमी हो । एक मानेमा रेमिटेन्स इकोनोमी हो तर त्यो रेमिटेन्सको बारेमा राम्रो उसको पोलिसी भएन ।

पर्यटनको बारेमा राम्रो पोलिसी भएन उसको जब कोभिडले हान्यो त्यसपछाडि एउटा अल्टर्नेटिभ टुरिजमको एउटा रोड म्याप लिएर श्रीलङ्का सरकार जानुपर्थो त्यो हुन सकेन । त्यसकारणले यी कारणहरूले गर्दाखेरि श्रीलङ्का यो पोलिसीमा आयो त्योभन्दा पनि ठुलो परिवारवाद मिसम्यानेमेन्टले गर्दा आयो । यो म सम्माननीय अध्यक्ष महोदय, म यही कुरा भन्न चाहन्छु । कि नेपालको अहिलेको सरकारले जो इकोनोमिक पोलिसी लिएको छ that is correct correct पोलिसी लिएको छ । अहिले यो म दावा गर्न चाहन्छु प्रोडक्सन बढाउने उत्पादन बढाउने इम्पोर्ट घटाउने एकस्पोर्ट बढाउने, एफडीआई ल्याउने जुन पोलिसी छ रेमिटेन्सलाई फर्मल सेक्टरमा ल्याउने जुन पोलिसी छ । त्यो चाहिँ नेपाल सरकार इकोनोमिक पोलिसी सही छ खालि नेपाल सरकारले हेर्नुपर्ने । आजको नेपाल सरकारले हेर्नुपर्ने र हिजो सरकार चलाएका नेताहरू रिभ्ङ्यू गर्नुपर्ने कुरा के छ भने कहीँ हामी त्यही कमिसन एजेन्ट र दलाल नोकरसाही पुँजीवादको घेरामा हाम्रो यो केन्द्रीय कार्यालय त छैन भन्ने कुरा रिभ्यू गर्नुपर्ने जरुरी छ त्यतातिर ध्यान दिऊँ । सम्माननीय अध्यक्ष महोदय, धन्यवाद दिन चाहन्छु । समय दिनुभयो ।

**पुनः पीठासीन**:- सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिना ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयाललाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "समाज सरक्षा (पहिलो संशोधन) विधेयक, २०७९", "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्यसञ्चालन सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९", "खानेपानी तथा सरसफाइ विधेयक, २०७६" "फैजदारी कसुर तथा फैजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९" र "यौन हिंसाविरुद्धका केही

ऐनलाई संशोधन गर्ने विधेयक, २०७९" लाई सभासमक्ष टेबुल गर्न समय उपलब्ध गराउँछु ।

(राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयालले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "समाज सरक्षा (पहिलो संशोधन) विधेयक, २०७९", "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्यसञ्चालन सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९", "खानेपानी तथा सरसफाइ विधेयक, २०७६" "फैजदारी कसुर तथा फैजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९" र "यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९" लाई सभासमक्ष टेबुल गर्नुभयो ।)

माननीय सदस्यहरू, अब माननीय गृहमन्त्री बालकृष्ण खाँणलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "तेजाब तथा अन्य घताक रासायनिक पदार्थ नियमन विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव पेस गर्ने समय उपलब्ध गराउँछु ।

**माननीय गृहमन्त्री श्री बालकृष्ण खाँण**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "तेजाब तथा अन्य घताक रासायनिक पदार्थ नियमन विधेयक, २०७९ माथिको दफवार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव सदनसमक्ष पेस गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "तेजाब तथा अन्य घताक नियमन विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब उक्त प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "तेजाब तथा अन्य घताक रासायनिक पदार्थ नियमन विधेयक, २०७९" माथिको दफावार छलफल सुरु हुन्छ ।

यस विधेयकमा बाह्र जना माननीय सदस्यहरूबाट तीन समूहमा संयुक्त संशोधन प्रस्ताव दर्ता हुन आएको बेहोरा जानकारी गराउँछु । उक्त विधेयकमा संशोधन प्रस्ताव दर्ता गर्नुहुने संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूलाई क्रमशः आफ्नो संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु ।

सर्वप्रथम संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय सिंग बहादुर विश्वकर्मालाई संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु । समय पाँच मिनेट ।

<u>माननीय श्री सिंग बहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- यो प्रतिनिधि सभाबाट संशोधनसहित आएको तेजाब तथा घातकको विषयमा हामीले मसिनो ढङ्गले छलफल गर्नुपर्छ भनेर उताबाट केही प्रतिनिधि सभाबाट आएको संशोधनप्रति पनि हाम्रो राष्ट्रिय सभाबाट पनि हामीले अध्ययन गर्दा पनि केही थप गर्न पर्ने कुराहरू देखिएको थियो । ती कुराहरूलाई चाहिँ हामीले अब छलफलको विषय विधायन व्यवस्थापन समितिद्वारा विज्ञहरूसँग छलफल हुन्छ भनेर हामीले भनिराखेको थियौं र अनि अहिले त्यो विधेयकमाथि छलफल गर्नलाई सरकारको तर्फबाट र बाहिरबाट पनि अलिकति छलफल नगरिकन त्यसलाई छिट्टै पास गराउनुपर्ने भएको कारणले गर्दाखेरि हामीले त्यो छलफलमा जतिसम्मन संशोधनहरू राखेको छ । त्यो संशोधनहरूलाई थप घट गर्न पनि र अनि अब नियमावली र अनि जुन अब कतिपय विधेयकमै राख्न पर्ने र नियमावलीहरूमा पनि अब हाम्रो संशोधनहरूलाई त्यहाँ जे होस् उहाँहरूले कानुनी मन्त्रालय र गृह मन्त्रालयबाट मसिनो छलफल गरेर ती कुराहरूलाई पनि समेटिन्छ होला भन्ने विचारले चाहिँ त्यसलाई हामीले छलफलको विषय नबनाइकन आज त्यो बाध्यताबस जनताहरूको पनि र मन्त्रालयको पनि

माध्यनजर गरी हामीले त्यो संशोधनलाई चाहिँ पछि अब अहिले हामीले छलफल गरीकन पनि भएका ती संशोधनहरूलाई समेटिने छ भन्ने विश्वासका साथ हामीले त्यो अब त्यो फिर्ता लिएको छौं । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब म संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननिय जयन्ती देवी राईलाई संशोधन प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु । समय पाँच मिनेट ।

**<u>माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, जुन यो तेजाब तथा अन्य घातक रासायनिक पदार्थको नियमन सम्बन्धमा बनेको विधेयकमाथि मैले केही बुँदाहरूमा यसलाई अझै परिमार्जित र यसलाई अझै सशक्त रूपमा बनाउनुपर्छ भन्ने आफ्नो हमेयले गर्दाखेरि यसलाई संशोधन हालेको थिएँ । तर यसमा अहिले गृहमन्त्रीज्यू र कानुनी मन्त्रीज्यूहरूसँग हामी बसेर छलफल गर्दा वाहाँहरूबाट एकदमै पोजोटिभ यसलाई चाहिँ हामीले उत्तर आ'को र त्यसलाई चाहिँ हामीले अरू यो नियमावली बनाएर यसमा हामी समावेश गर्छौं भन्ने किसिमको छलफल भएको कारणले मैले आफ्नो यो संशोधनलाई फिर्ता लिएको कुरा म जानकारी गराउन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब म संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय देवेन्द्र दाहाललाई संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु । समय पाँच मिनेट । माननीय देवेन्द्र दाहाल ।

**<u>माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, हामीले यो तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियमन विधेयक, २०७९ मा हाम्रो तर्फबाट हाम्रो समूहको तर्फबाट संशोधन प्रस्तावहरू चाहिँ यहाँ दर्ता गरिएका थिए र कैयौं कुराहरू अलि महत्त्वका दीर्घकालीन महत्त्वका विषयहरू पनि छन् यसमा । त्यति हुँदा हुँदै पनि अब यो विधेयकलाई चाहिँ यो एकदमै अन्तिम अवस्था आएको अवस्था छ र

तिनीहरूलाई धेरै व्यख्या गर्न चाहन्न जुन विषय यहाँ उल्लेखित छन् र हामीले चाहिँ भोलिका दिनमा पहिलो कुरो त हामी यस्तो विधेयकहरूलाई चाहिँ समयमै छलफल गर्ने । छलफल गर्ने नै भए पनि समयमै माननीयज्यूहरूका कर्नसन हरूलाई बुझ्नेबारेमा चाहिँ सरकारले भूमिका निर्वाह गर्नुपर्ने तर अन्तिम अवस्थामा आएर चाहिँ यो कुराहरू आएको छ र हामी एक किसिम यो एउटा धर्मसङ्कट जस्तो पनि पर्या छ । किनभने यो विधेयक पास पारित गर्नुपर्ने भा' छ । अब प्रमुख प्रतिपक्षको धर्म निर्वाह गर्ने विषय पनि होइन यो र यो विषय भनेको चाहिँ एकदमै समाजमा विकृति आयो र विभिन्न मान्छेहरू चाहिँ अनेक खालेका पीडामा परे त्यसले गर्दाखेरि यो विधेयक ल्याउनुपर्ने आवश्यकता हिजोकै सरकारले पनि महसुस गर्या थियो । त्यो अध्यादेशको रूपमा आएको थियो । र अहिले आएर यसलाई अलिकति समृद्धि बनाउन चाहन राखेको थियो हामीहरूले र त्यसो हुँदा हुँदै पनि यो समयको पाबन्दीको कारणले गर्दाखेरि समृद्धि बन्न नसक्ने अवस्था छ । तर पनि सरकारलाई हाम्रो विशेष अनुरोध के हो भने यसलाई कसरी हुन्छ । यो संशोधनमा आएका विषयलाई नियमावली वा कुनै हिसाबले सम्बोधन सरकारले गर्ने छ । त्यही भन्दै म यस विषयको छलफलमा आफ्नो विचार चाहिँ यहीँ अन्त्य गर्न चाहन्छु र यी कुराहरू हामी पनि फिर्ता लिन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियमन विधेयक, २०७९" को संशोधन प्रस्तावसहित विधेयकमाथिको दफावार छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । माननीय श्री प्रमिला कुमारी । समय तीन मिनेट ।

**<u>माननीय श्री प्रमिला कुमारी (जनता समाजवादी पार्टी नेपाल)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, "तेजाब तथा अन्य घताक रासायनिक पदार्थ नियमन विधेयक, २०७९" सभासमक्ष पेस भएर आज छलफल हुने क्रममा छ प्रतिनिधि सभाले पास गरेको विधेयक राष्ट्रिय सभामा आउँदाखेरि राष्ट्रिय सभामा छलफल हुनुपर्छ कि पर्दैन ? प्रतिनिधि सभाजस्तै राष्ट्रिय सभाको पनि अस्तित्व छ । राष्ट्रिय सभाले पनि जति सुकै आवश्यक विधेयक पेस हुँदाखेरि कम्तीमा

एक दुई दिन छलफल गर्ने मौका पाउनुपर्छ र हामीसँग पनि मन्तव्य राख्ने क्यापासिटी छ । हामीले पनि छलफलमा भाग लिन सक्ने क्यापासिटी हामीसँग छ । तर पनि नेपाल सरकारले जुन हाम्रो अधिकार हनन गरेर तुरुन्तै पास गर्न खोज्छ त्यो न्यायसङ्गत होइन तर यो अतिआवश्यक विधेयक भएको हुनाले यसलाई सदनबाटै पास गरेर जाँदा बेस हुन्छ र अब आउँदो विधेयकहरूमा जतिसुकै आवश्यक भए पनि हामीले पनि छलफल गर्ने मौका पाउनुपर्छ र नेपाल सरकारलाई त्यसको लागि म ध्यानआकृष्ट गराउन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय गंगा कुमारी बेलबासे । समय तीन मिनेट ।

**<u>माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**ः- सम्माननीय अध्यक्षज्यू, तेजाब तथा अन्य घातक रासायनिक पर्दाथको नियमनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक अत्यन्त जरुरी थियो र योभन्दा अगाडि जघन्य अपराधहरू भइराखेको बेलामा अध्यादेशको रूपमा यो आयो र अध्यादेशलाई कार्यान्वयन गर्दै गर्दा अगाडि बढिराख्दाखेरि यो विधेयक आएको छ र यो असाध्यै जरुरी छ र यसमा भएका अपराधीलाई कारबाही गर्ने जुन प्रावधानहरू अलि कमजोर छ कम छ भन्ने हामीलाई महसुस भएको छ । जतिबेला ठुलो ठुलो जघन्य अपराध हुन्छ । त्यतिबेला हामीले चाहिँ आजीवन काराबास हुनुपर्दछ । मृत्युदण्ड दिनुपर्छ यस्ता विषयहरू राख्छौं र कानुन आउँदाखेरि असाध्यै फितलो भएर आएको छ । यसमा ध्यान पुऱ्याइयोस् र त्यसलाई कहाँबाट सम्बोधन गर्न सकिन्छ । कुन कानुनले सम्बोधन गर्न सकिन्छ त्यसलाई सम्बोधन गरियोस् भन्ने म विषय राख्न चाहन्छु र यसमा जुन प्रतिवेदनसहित प्रतिनिधि सभाबाट आएको छ । त्यसकारणले हामीले झै हामीले छिटोभन्दा छिटो पास गरेर कानुनको रूपमा अगाडि लैजाने र नियमावली बनाउँदाखेरि छुटेका विषयहरूलाई ध्यान दिने कुराहरूमा हामी सचेत हुनुपर्छ भन्ने विषय राख्दै मेरो भनाइ अन्त्य गर्छु । हस् धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय डा. विमला राई पौडयाल । समय तीन मिनेट ।

**<u>माननीय डा. विमला राई पौडयाल (मनोनीत)</u>**:- सम्माननीय अध्यक्षज्यू, यो तेजाबसम्बन्धी नियमनको सम्बन्धमा व्यवस्थापन गर्न पर्नेको विधेयकको छलफल गरिरहँदा मैले आज यस सभामा तेजाब आक्रमणबाट घाइते भएर अरू थुप्रै तेजाब आक्रमणबाट पीडित भएका युवातीहरूलाई हौसला बाँडिरहेकी अभियानता मुस्कान खातुनलाई सम्झिरहेको छु । मुस्कान खातुनले यो बिल त सरकारले ल्याएकै होइन । यो बिल मुस्कान खातुनले यो तेजाबबाट आक्रमण भएकाहरू पीडालाई समेटेर त्यसलाई हौसलामा लैजानको लागि गरेको सङ्घर्षबाट आएको चाहिँ विधेयक हो र यो विधेयक तात्कालीन प्रधानमन्त्री के.पी. शर्मा ओलीले मुस्कान खातुनलाई भेटेर ऊनको पीडा सुनेरपछि कन्मिन्स भएर अध्यादेशको रूपमा अगाडि बढेको हो । त्यो भएर आजमा सबैभन्दा पहिला त मुस्कान खातुनलाई बधाई पनि दिन चाहन्छु र त्यस्तो महत्त्वपूर्ण विषयमा वाहाँले जुन अभियानताको काम पनि गर्नुभो' त्यसलाई म धन्यवाद पनि दिन चाहन्छु ।

हामीले त्यो विधेयक विधायन समितिमा जान्छ भनेर मख्ख परेका थियौं । विधायन समितिमा अझै बढी छलफल हुन्छ भनेर मख्ख परेका थियौं तर संशोधनकर्ताहरूले यहीनिर बाट संशोधन फिर्ता लिनुभयो सायद सरकारले पास गर्छ भने गर गर्दैन भने म फिर्ता लान्छु भनेर नागरिकता विधायकताजस्तै गर्छ कि भनेर डराउनु पनि भा' होला । त्यही भएर पनि यहाँ त्यही रूपमा आ'को होला यो विधेयकलाई छिटो पास गर्नुपर्ने थियो त्यसमा कुनै शङ्का छैन । पास गर्नुपर्छ तर यसमा अझै पनि थाप्नुपर्ने केही प्राबधानहरू थिए विधायन समितिको सदस्य भ'को नाताले मैले चाहिँ त्यही बसेर छलफल गर्छु भनेर पर्खेर बसेको हो विधायन समितिमा यसको छलफलै भएन । अब यसमा मलाई लागेको चाहिँ गृहमन्त्रीज्यू यहीं हुनुहुन्छु उत्पादन भण्डारणलाई लाइसेन्स लिने कुरा त यहाँ गरिएको छ अनुमति लिने कुरा गरिएको छ किन्न जाने मान्छेको आईडी नहेरीकन बिक्री गर्न नपाइयोस् बिक्री वितरण गर्न नपाइयोस् र आईडी हेरिसकेपछि पनि डाटाबेस बनाइयोस् । को को मान्छेले कहाँ उत्पादन गर्दैछन् र त्यो कसरी बिक्री वितरण भइराखेको छ भन्ने कुरो त्यस्ता घटनाहरू घटनुभन्दा अगाडि नै सुरक्षा निकायलाई थाहा होस् यो खालको प्रावधान बनाइयोस् भनेर मैले माग गर्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय तुलसा कुमारी दाहाल । समय तीन मिनेट ।

**<u>माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- हामी महत्त्वपूर्ण विषयमा छलफल गरिरहेका छौं । यो तेजाब तथा अन्य घातक पदार्थ रासायनिक पदार्थको नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको विषयमा छलफल गरिरहेका छौं । यो महत्त्वपूर्ण विधेयक छ । र यसलाई छिट्टै पास गर्न लागियो अलिकति यसले समय चाहिँ थोरै राखेर भए पनि यो छलफल गरिनुपर्‍थ्यो भन्ने लागेको छ र हामीले समूहगत रूपमा दफावार रूपमै केही कुराहरू राखेका छौं र यो राखेका कुराहरूलाई समावेश गरियोस् भन्न म चाहन्छु पहिलो कुरो । अर्को अनुमतिपत्र दिने र बजारीकरण गर्ने कुराहरू निकासी पैठारी गर्ने कुराहरूमा केही भाषागत कुराहरू पनि हामी राखेका छौं । यसमा चाहिँ यो निकासी र पैठारी भन्ने कुरामा चाहिँ आयात र निर्यात भन्ने जनबोलीमा बुझ्ने भाषा राख्दाखेरि राम्रो हुन्छ भनेर हामीले त्यस्तो खालको कुरा राखेका छौं ।

अर्को यो जुन एउटा जोखिममा पर्दछन् । यो निकासी पैठारीको क्रममा चाहिँ जोखिममा परेकोमा चाहिँ क्षेतिपूर्ति दिने कुरामा चाहिँ पति-पत्नी, छोरा-छोरी आमा-बुवाको कुरा चाहिँ उल्लेख गरिएको छ र मनासिब क्षतिपूर्ति दिने कुरा जुन गरिएको छ । यहाँ संरक्षक भन्ने कुरो पनि उल्लेख गरिनुपर्छ भन्ने कुरा चाहिँ राखिएको छ । त्यसै गरी यो घातक पदार्थलाई चाहिँ नष्ट गर्ने क्रममा चाहिँ यो केही कुराहरू त उल्लेख छ । तर यो नदी, तल, तलैयाहरूमा पनि चाहिँ त्यसको चाहिँ नष्ट गरिनुहुँदैन । नदीजन्य स्थानहरूमा चाहिँ नगरियोस् भनेर चाहिँ हामीले यो सुझवा राखेका छौं र अर्को यो बोट्लिङ गर्दा प्याकिङ गर्ने क्रममा पनि जुन एउटा चाहिँ प्रयोग भइरहेका दुधजन्य चिजहरूमा अन्य पियजन्य चिजहरूमा भाडा बोतलमा प्याकिङ गर्दाखेरि चाहिँ यो एउटा कुरो छुटेको छ । तेलजन्य चाहिँमा पनि गरिनुहुँदैन । तेलका प्याकिङहरू भर्ने ठाउँमा पनि गरिनुहुन्न भन्ने कुरो । अर्को उमेरको हदबन्दी र अभिलेख राख्ने कुराहरू २१ वर्षको उमेर राखिने कुरो गरेका छौं र अभिलेख चाहिँ राख्नुपर्छ र बिक्री वितरण गर्दाखेरि चाहिँ अभिलेखमा उसको नागरिकता हुन्छ कि उसको परिचय खुल्ने गरी राख्नुपर्छ भन्ने । अर्को जिल्ला तहमा बन्ने जुन नियमन गर्ने जुन समिति छ । त्यसमा महिला शून्य छ । त्यो भ'को हुनाले एक जना महिला थप गर्नुपर्छ भन्ने कुरा राखिएको छ । अर्को उद्योग र फर्म दर्ता गर्दाखेरिको अवधि चाहिँ ५ वर्ष त्यो विधेयकमा आएको हुनाले यसले अलि घटाएर राखिनुपर्छ भन्ने प्रस्ताव गरिएको छ । यो

कुरो सम्बन्धित मन्त्रालयले बुझेर यी कुराहरू समावेश गरेर पारित गर्नुको निम्ति आग्रह गर्दछु ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय अनिता देवकोटा समय तीन मिनेट ।

**<u>माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)</u>**ः- सम्माननीय अध्यक्षज्यू, तेजाब तथा अन्य घातक पदार्थको नियमनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयकका सन्दर्भमा हामी छलफलमा जुटेका छौं । यो विधेयक अलिक चाँडै आउनुपर्थ्यो । यो विधेयक अत्यन्तै आवश्यक छ भन्ने हामीलाई लागेको छ । तथापि पनि यो विधेयक आएको त्यसैले यो विधेयकका बारेमा सबैका अत्यन्तै महत्त्वपूर्ण सुझावहरू आएका छन् । संशोधनहरू पनि आएका छन् । तर समयावधिको कम र यो हामीले विधेयकलाई पास गर्नुपर्ने हाम्रो बाध्यता आवश्यकताको कारणले हामीले छिटो यो विधेयकलाई पास गर्दै छौं । हाम्रा भावनाहरू संशोधनका भावनाहरूलाई लिएर यो विधेयकलाई समृद्ध गराउन गृहमन्त्रीज्यूले विशेष चासो राखुहुने छ भन्ने मलाई विश्वास लागेको छ । किनभने यो तेजाब तथा अन्य घातक पदार्थको जुन दुरुपयोग हो । यसले अधिकांश महिलाहरू प्रताडित भएका छन् । मुस्कान खातुनजस्ता महिलाहरू यसबाट बढी प्रभावित भएका छन् । त्यो एउटा उदाहरण मात्रै हो । त्यसैले यो कानुनलाई समृद्ध बनाउनको लागि कति सकिन्छ । यो विधेयकमा कानुनमा लिएर जाने र नेपाल कानुन ऐनमा बाँकी रहेका कुराहरूलाई समेट्ने गरेर यो विधेयकलाई अझै बढी प्रभावकारी गराउनको लागि अझ बढी समृद्ध बनाउनको लागि ध्यान जाने छ भन्ने मलाई लागेको छ । विधि बनाउने बेला को सत्ता पक्षमा छ को प्रतिपक्षमा छ यो गौण कुरा हो कानुन सबैका लागि सम्मान हुनुपर्छ । त्यसैले कानुन निर्माण गर्ने बेला सबैका अभिमतहरू लिएर समृद्ध कानुन सबैको लागि उपयोगी हुने कानुनका रूपमा हामीले बनाउन सकौं यो चासो हाम्रो चिन्तालाई निश्चय पनि गृहमन्त्रीज्यू स्वीकार गर्नुहुने छ भन्ने विश्वासका साथ आफ्नो धारणा यहीँ अन्त्य गर्छु । धन्यवाद । जय नेपाल ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सुमित्रा वि.सी. । समय तीन मिनेट ।

**<u>माननीय श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी यो तेजाब तथा जघन्य रासायनिक अपराधको नियमनको विधेयको बारेमा छलफल गर्दा हामीले सामूहिक ढङ्गले संशोधन हालेका थियौं । अन्य माननीयहरूले भन्नुभए जस्तै यो एकदम जघन्य अपराधको कानुन भ'को कारणले यसलाई अलि बृहत ढङ्गले छलफल गर्छौं जसले गर्दा अहिले हामील कानुन बनाउँदा हतार गर्ने र पछि कारबाही गर्नुपर्द हामीलाई विभिन्न समस्याहरू आइपर्ने नहोस् भन्नका निम्ति हामीले यो संशोधनको बेला पनि अलिकति छलफल मसिनौं गरी छलफल गरेर यो संशोधन दार्ता गराएका थियौं सामूहिक रूपले ।

आज बिहान ११ बजे यहाँ सदन बोलाइएको छ । बिहान १० बजेर ९ मिनेटमा सचिवालयबाट फोन आयो । यो तेजाबसम्बन्धीको विषयमा मन्त्रीज्यूहरूसँग कानुनमन्त्री र गृहमन्त्रीसँग छलफल गर्नुपर्ने भो' आइदिनपर्यो साढे १० बजे भन्ने कुरो आयो अब यहाँ हाम्रो जाम यावत् कुरोले गर्दा जे होस् आइपुगियो तर त्यहाँ छलफलमा भाग लिन चाहिँ पाइएन यहाँ सदन चलिरा' भएर अब यो हामीले यो संशोधन हालेका कुराहरूलाई समेटेर मन्त्रीज्यूहरूले खातुनलाई सम्झेर निवर्तमान सरकारले त्यो घटना घटिसकेपछि अध्यादेश ल्याएर भए पनि उनीमाथि त्यो जगन्य अपराध गर्ने अपराधीलाई चाहिँ कारबाही गरेको थियो र पछि उनी सन्चो भइसकेपछि उनले विभिन्न इन्टरभियूहरू दिएर चाहिँ पीडित भए पनि पीडित कायर नभएर साहसका साथ यस्ता पीडकहरूलाई कारबाही गर्न र आफू आत्मनिर्भर रहन जुन खालको उनीको सोच छ । त्यो मेरै छोरी हुन भन्ने बुझेर, मेरै छोरी पनि हुन सक्छिन् भन्ने बुझेर मन्त्रीज्यूहरूले कानुन बनाउने छ । यो हाम्रा सुझावहरूलाई समेटेर लिनु हुने छ भन्ने सुझावसहित आफ्नो भनाइ टुङ्ग्याउँछु । हस् धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियमन विधेयक, २०७९" माथिको दफावार छलफलमा माननीय सदस्यहरू बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय गृहमन्त्री बालकृष्ण खाँणलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**माननीय गृहमन्त्री श्री बालकृष्ण खाँण**:- सम्माननीय अध्यक्ष महोदय, "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियमन विधेयक, २०७९" माथि माननीय सदस्यहरूले ज्यादै महत्त्वपूर्ण विचारहरू राख्नुभएको छ र त्यसका लागि सबै माननीयज्यूलाई म विशेष धन्यवाद दिन चाहन्छु । तेजाब र अन्य रासायनिक पदार्थहरू अत्याआवश्यक पनि छन् । औद्योगिक प्रयोजनका लागि र कतिपय मेडिकल सपोर्टका लागि पनि तेजाब र रासायनिक पदार्थको आवश्कयता छ र यसको दुरुपयोगले मान्छेको जीवनमा ज्यादै गाम्भीर पनि प्रभाव पारिरहेको छ । अगि माननीयज्यूहरूले मुस्कान खातुनको बारेमा केही जानकारी राख्नुभएको छ र मुस्कान खातुनलाई सरकारले सम्मान पनि गरेको छ र वाहाँलाई प्रोत्साहित पनि गरिरहेकै पनि छ । तर यस्ता घटनाहरू नदोहोरिउन् त्यसकालाई हामी सबैको साँझा प्रतिबद्धता छ ।

तेजाब र घातक रासायनिक पदार्थहरूको उत्पादन आयात निर्यात भण्डारण बिक्री वितरण र उपयोगलाई नियमन गर्न व्यवस्थापन गर्नका लागि नै यो विधेयक प्रस्तावित गरिएको हो । यो विधेयक पारित भएर ऐन बनिसकेपछि अवश्य पनि तेजाब तथा अन्य घातक रासायनिक पदार्थको दुरुपयोग हुने छैन । यसले कुनै दुर्घटना या घटना हुने छैन । यस सन्दर्भमा दुरुपयोग गर्नेहरूलाई आवश्यक कानुनी कारबाही पनि गरिने छ । त्यो प्रावधान नै यो विधेयकको सबैभन्दा महत्त्वपूर्ण पक्ष हो र विधेयकलाई पारिमार्जन गर्नका लागि राष्ट्रिय सभाका माननीय सदस्यज्यूहरूले ज्यादै नै महत्त्वपूर्ण सुझाव र सल्लाह पनि दिइरहनुभएको छ र संशोधन पनि वाहाँहरूले दार्ता गराउनुभएको थियो । तथापि यो विधेयकले अध्यादेशको रूपमा कार्यान्वयनमै रहेको छ यो र अध्यादेशलाई प्रतिस्थापन विधेयकको रूपमा ल्याएको कारणले हामीसँग केही समय कम छ । समय कम भएको कारणले प्राविधिक रूपमा यो समयमै पास हुन सकोस् यसको जुन खालको उद्देश्य छ स्प्रिड छ । त्यो कार्यान्वयन गर्न सकियोस् है भन्ने सरकारको चाहने सबै माननीयज्यूहरूलाई आग्रह हो ।

र संघीय संसदमा हामीहरू छौं र संघीय संसदमा राष्ट्रिय सभा र प्रतिनिधि सभा दुवै सभाको आआफ्ना महत्त्वहरू छन् । राष्ट्रिय सभाको महत्त्वलाई हामी सबैले सम्मानै गर्नुपर्दछ । राष्ट्रिय त झन् स्थायी सभा हो यो । यसको निर्माण भइसकेपछि विघठन नै हुँदैन । त्यसकारणले राष्ट्रिय सभालाई सरकारले सम्मानै गर्दछ । प्रतिनिधि सभाले कतिपय बजेटरी फङ्सनमा प्रमुखता प्राप्त गर्ला, हाम्रो संविधानले हाम्रो परम्पराले तर विधेयक बनाउने क्रममा

ऐन बनाउने क्रममा राष्ट्रिय सभाको झनै ज्यादा महत्त्व छ । कतिपय विधेयक उत्पति नै राष्ट्रिय सभामा पनि भइरहेको छ । र आउने दिनमा पनि हामीले राष्ट्रिय सभालाई अझै बढी क्रियाशील कसरी गराउने राष्ट्रिय सभाका माननीयज्यूहरूलाई विधेयक निर्माणमा कानुन निर्माणमा बढीभन्दा बढी सहभागी कसरी गराउने त्यतापट्टि हामीले ध्यान दिने छौं ।

र अहिले यो विधेयक तेजाब तथा अन्य घताक रासायनिक नियमन विधेयकलाई हामीले अगाडि बढाउन परेकै छ । यो सन्दर्भमा माननीयज्यूहरूले देखाउनुभएको सकारात्मक धारणाको म हार्दिक सम्मान गर्न चाहन्छु र संशोधनकर्ता माननीयज्यूहरूले आफ्नो संशोधन फिर्ता लिएर पनि यो प्रक्रियालाई छिटो टुङ्ग्याउन जुन महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको छ । त्यसलाई सरकारले ज्यादै सम्मान गर्न चाहन्छ । यो सकारात्मक कदम नै हो र यसलाई कार्यान्वयन गर्ने क्रममा विधेयकलाई, ऐनलाई कार्यान्वयन गर्ने क्रममा नियमावली बनाउने हाम्रो प्रचलन नै छ र कतिपय यो विधेयकमा छुटेका कुराहरूलाई हामीले नियमावलीमा सम्बोधन गरिने छ । यो कार्यान्वयन तहका पदाधिकारीहरूलाई पनि जिम्मेवार जागरूप र सचेत बनाउने छौं । किनकि यो विधेयक जति पढेर जान्छौं यसको महत्त्व र यसको उपयोगिता त्यति नै अनुभूत हुँदै जान्छ । त्यसले गर्दाखेरि यो विधेयकका बारेमा आफ्ना महत्त्वपूर्ण विचार राख्ने सबै माननीयज्यूहरूलाई धन्यवाद दिँदै आफ्नो भनाइ टुङ्ग्याउँछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियमन विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "तेजाब तथा अन्य रासायनिक पदार्थ नियमन विधेयक, २०७९" माथि प्राप्त संशोधन प्रस्तावहरूलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियमन विधेयक, २०७९ माथि संशोधन पेस गर्ने संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय सिंग बहादुर विश्वकर्मालाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहन्छु भने उक्त संशोधन प्रस्ताव लिन समय दिन्छु ।

**<u>माननीय श्री सिंग बहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, यो संशोधन विधेयकमा हाम्रो माननीय डा. बेदुराम भुसाल र मैले संशोधन राखेको थियौं । यो संशोधनको अब नियमावलीमा कतिपय कुराहरू समेटिने भनेर चाहिँ गृहमन्त्रीज्यूले भनेको हुँदा नियमावलीहरूमा हाम्रो संशोधनहरूलाई कतिपय कुराहरूलाई समेटिन्छ भन्ने आशाका साथ हाम्रो समूहबाट राखेको जुन संशोधन म फिर्ता लिन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय डा. बेदुराम भुसालको तर्फबाट माननीय सिंग बहादुर विश्वकर्माले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियमन विधेयक, २०७९" का विभिन्न दफा तथा उपदाफाका सम्बन्धमा पेस गर्नुभएको संशोधन प्रस्ताव फिर्ता लिनुभएकोले उक्त प्रस्तावलाई निर्णयार्थ पेस गरिरहनुपरेन ।

माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियमन विधेयक, २०७९" माथि संशोधन पेस गर्ने संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय जयन्ती देवी राईलाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहन्छु भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु ।

**<u>माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्ष महोदय, मैले आफ्नो संशोधन प्रस्ताव फिर्ता लिएको बेहोरा जानकारी गराउन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय जयन्ती देवी राईले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "तेजाब तथा अन्य घताक रासानयिक पदार्थ नियमन विधेयक, २०७९" का विभिन्न दफा तथा उपदफाका सम्बन्धमा पेस गर्नुभएको संशोधन प्रस्ताव फिर्ता लिनुभएकोले उक्त प्रस्ताव निर्णयार्थ पेस गरिरहनुपरेन ।

माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियमन विधेयक, २०७९" माथि संशोधन पेस गर्ने संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय देवेन्द्र दाहाललाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ । भने उक्त सांशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु ।

**<u>माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- अध्यक्षज्यू, यो भैरव सुन्दर श्रेष्ठसहितको माननीयज्यूहरूको छ ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- हुन्छ । त्यसलाई हामी समावेश गर्ने छौं । माननीय भैरव सुन्दर श्रेष्ठसमेत भएको हुँदा त्यसको जवाफ त हो । माननीय भैरवा सुन्दर श्रेष्ठले यहाँहरूको तर्फबाट फिर्ता लिने ? हुन्छ । म वाहाँलाई समय उपलब्ध गराउँछु ।

**<u>माननीय श्री भैरवा सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, आज यो पेस भएको आजको कार्यसूचीको चाहेको यो प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त हुन आएको तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियमन विधेयक, २०७९ का सन्दर्भमा हामी चाहिँ छलफल गरेका छौं । वास्तवमा यो विधेयक त्यतिखेरा आयो जतिखेर एक जना मुस्कान खातुन भन्ने बहिनीको दर्दनाक त्यो अवस्थापछि तत्कालीन सरकार के.पी. ओली नेतृत्वको सरकारले यो तेजाबजन्य रासायनिक पदार्थका सन्दर्भमा एउटा नियम एउटा कानुन नबनेको सन्दर्भमाथि पहिलो पटक नेपालमा यो रासायनिक पदार्थको प्रयोगले यसले अपराधिक घटनाहरू दिन प्रतिदिन बढ्दै गइसकेपछि त्यो बेलाको सरकारले आवश्यक महसुस गरेर यो विधेयक चाहिँ अध्यादेशको रूपमा चाहिँ लिएर आएको थियो । म पूर्ववर्ती सरकारलाई पनि धन्यवाद दिन चाहन्छु । अहिले यो सरकारले त्यो अध्यादेशलाई प्रतिस्थापन गरेर जुन कानुनको रूप दिने गरी जो विधेयक प्रतिनिधि सभा हुँदै राष्ट्रिय सभामा आ'को चाहिँ छ । यसको निम्ति पनि म अहिलेको वर्तमान सरकारलाई पनि धन्यवाद दिन चाहन्छु तर यो राष्ट्रिय सभामा यो विधेयक आइसकेपछि हामीलाई के लागेको थियो भन्दा विधेयकमा राखेका जुन दफाहरू छन् त्यसलाई समृद्ध गर्नुको निम्ति संशोधन प्रस्तावमार्फत विधायन व्यवस्थापन शाखामा थुप्रै कुराहरू राखेका चाहिँ थियौं तर आज चाहिँ ती संशोधनमा राखेका कुराहरूलाई विधायन व्यवस्थापन समितिमार्फत जाँदा धेरै

समय लाग्ने र फास्ट ट्र्याकमार्फत यो कानुनलाई पास गर्नुपर्ने जुन बाध्यामक अवस्थामा हामी चाहिँ आइपुग्यौं यसप्रति हामी चाहिँ अत्यन्तै गम्भीर चाहिँ छौं । म प्रश्न सोध्न चाहन्छु अहिलेको वर्तमान सरकारलाई यति महत्त्वपूर्ण र सबैले राम्रो भनेको विधेयक ल्याउनका निम्ति यो सरकारले के कुराले यति लामो समय चाहिँ व्यतीत गर्न पुग्यो । हामी चिन्तित चाहिँ छौं ।

यो अहिलेको यो विधेयकले के एउटा सन्देश दिएको छ भने यस पछि आउने विधेयकहरू पनि यसै फास्ट ट्र्याकमार्फत जाने हो भने हामी संसदमा आ'को सांसद भ'को विधेयकका दफावार गर्नुपर्ने भन्दापूर्व विधेयकमाथि संशोधन हाल्नुपर्ने । त्यो विधेयक चाहिने विधायन शाखामा विधायन व्यवस्थापन समितिमा जाने र त्यहा माननीय सांसदहरूले आफ्नो विचार राख्नुभन्दा पूर्व विज्ञहरूसहित चाहिँ लिएर आएर हामी सैद्धान्तिक छलफलसँगै सरोकारवालाहरूसँग पनि बोलाएर छलफल चाहिँ गर्ने र दफावार छलफल गर्दै यो विधेयकलाई अन्तिम टुङ्गो गरेर हामी फेरि सभासमक्ष आएर हामी पास गर्ने जुन परम्परा चाहिँ थियो त्यो परम्परालाई अहिलेको यो सरकारले कसरी लिन चाहिँ खोजिरहेको छ । हामीलाई चिन्ता लागिरहेको छ यसपछि आउने विधेयकहरू यस रूपमा नआउन् भन्नको निम्ति म सम्माननीय अध्यक्षज्यूमार्फत नेपाल सरकारलाई, नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । विधेयकमा (**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्य, यसमा छलफल भइसक्या छ । विधेयक फिर्ता त्यतै मात्र भन्नुपर्यो । यो छलफल पहिला नै लिनुपर्थ्यो अब विधेयक लिन नलिने यहा मात्रै जाऊँ ।) ठिक छ । म अलिकता सङ्क्षिप्तमा केही कुरा राखेर चाहिँ मैले चाहिँ यो विधेयकमा समेट्न पर्ने कुराहरू । सम्माननीय अध्यक्षज्यू, र थुप्रै महत्वपूर्ण विशेषहरू छन् ।

मन्त्रीज्यूले यस पछि बन्ने नियमावलीमा धेरै कुराहरू समेटिने छन् भन्ने कुरा राख्नुभएको छ र विधेयकमा जुन प्रस्ताव गरेका केही त्यस्ता शब्दहरू चाहिँ छन् । केही त्यस्ता दफाहरू चाहिँ छन् । जो अलिकति मिलेका चाहिने छैनन् तिनलाई मिलाउनुको निम्ति अगि छलफलमा हामी छुट्टै बस्दाखेरि माननीय मन्त्रीज्यूले भन्नुभ'को छ र यो सदनमा पनि ती संशोधनमा आएका कुराहरूलाई पनि सबै समेटेर र यस पछि बन्ने नियमावलीमा पनि समेट्ने कुराहरू राख्नु चाहिँ भएकोले यो ने.क.पा. एमालेको तर्फबाट हाम्रो दलको तर्फबाट र हामी यो विधेयकको जसरी यो विधेयकलाई अध्यादेशमार्फत लिएर आएका चाहिँ थियो । यो

अहिले कानुनको रूप चाहिँ लिँदै छ । यसमा चाहिँ राखेका संशोधनहरूलाई समेट्ने छन् भन्ने विश्वासका साथ मैले चाहिने हाम्रो समूहका तर्फबाट राखिएका जति पनि यिनी संशोधन प्रस्तावहरू थिए । एकमुष्ट रूपमा फिर्ता लिएको जानकारी गराउँछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, संयुक्त संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय देवेन्द्र दाहाल र भैरव सुन्दर श्रेष्ठले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "तेजाब तथा अन्य घातक रासानयिक पदार्थ नियमन विधेयक, २०७९" को प्रस्तावना र विभिन्न दफा तथा उपदफाका सम्बन्धमा पेस गर्नुभएको संशोधन प्रस्ताव फिर्ता लिनुभएकोले उक्त प्रस्तावलाई निर्णयार्थ पेस गरिरहनुपरेन ।

माननीय सदस्यहरू, अब म विधेयकको दफा २ देखि ३७ सम्मका दफाहरू प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियमन विधेयक, २०७९ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको दफा २ देखि ३७ सम्मका दफाहरू सर्वसम्मतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियमन विधेयक, २०७९" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

**प्रस्तावनाः** तेजाब तथा अन्य घातक रासायनिक पदार्थको उत्पादन, निकासी, पैठारी, भण्डारण ओसारपोसार, बिक्री वितरण, प्रयोग तथा त्यस्तो पदार्थको विसार्जन गर्ने कार्य लागि नियमन गरी मानव तथा जीवजन्तुको स्वास्थ्य र अन्य जैविक र गैरजैविक वस्तुहरूलाई पर्ने प्रतिकूल प्रभावलाई निवारण गर्ने सम्बन्धमा कानुन व्यवस्था गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियमन ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

माननीय सदस्यहरू, अब म "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियमन विधेयक, २०७९ को प्रस्तावना र नाम विधेयकको अङ्ग बनाइयोस्" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियमन विधेयक, २०७९ को प्रस्तावना र नाम विधेयक अङ्ग बनाइयोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय गृहमन्त्री बालकृष्ण खाँणलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियमन विधेयक, २०७९ पारित गरियोस् भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

**माननीय गृहमन्त्री श्री बालकृष्ण खाँणः**- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियमन विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "तेजाब तथा अन्य घताक रासायनिक पदार्थ नियमन विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "तेजाब तथा अन्य घताक रासायनिक पदार्थ नियमन विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मितले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक आजै ४५ मिनेटपछि बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक आजै ४५ मिनेटपछि बस्ने गरी यो बैठक स्थगित भयो ।)

**स्थगितः १३:२३ बजे**